लेखापरीक्षण प्रतिवेदन

दुल्लु नगरपालिका, दैलेख

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

दुल्लु नगरपालिका, दैलेख

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*

निष्ठा *(Integrity)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/467

श्रीमान् प्रमुखज्यू,

दुल्लु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

दैलेख ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/467

श्रीमान् प्रमुखज्यू,

दुल्लु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

दैलेख।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु.२ अर्व ३ करोड ८२ लाख १२ हजारको लेखापरीक्षणबाट रु.२ करोड ७३ लाख 20 हजार बेरुजु देखिएकोमा प्रतिक्रियाप्राप्त नभएकोले असुल गर्नुपर्ने रू.१६ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.९४ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४१ लाख ६१ हजार र पेस्की बाँकी रु.२० लाख ७४ हजार गरी जम्मा रु.२ करोड ७३ लाख २० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.३८ करोड ६५ लाख २२ हजार रहेकोमा यो वर्ष फर्स्यौट नभई हालसम्म अद्यावधिक बेरुजु रु.४१करोड ३८ लाख ४२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५९	१३५	२,७३,१९,५५३	०	०	०	०	५९	१३५	२,७३,१९,५५३	१६,२३,८१९	१,४१,६०,५१०	९४,६१,१९८	०	०	२,३६,२१,७०८	२०,७४,०२६

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दैलेख	३८,६५,२२,२३७	०	०	३८,६५,२२,२३७	०	२,७३,१९,५५३	४१,३८,४१,७९०

दुल्लु नगरपालिका, दैलेख

(८०६६७४०३३००)

दुल्लु नगरपालिका , दैलेख

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दुल्लु नगरपालिकाको कार्यालयको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु दुल्लु नगरपालिकाको उद्देश्य रहेको छ । यस दुल्लु नगरपालिका अन्तर्गत १३ वडा ६८ सभा सदस्य १५६.७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९ हजार १४३ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।८ देखि २०८२।८।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय - व्ययतर्फ रु.२ अर्व ३ करोड ८२ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय व्यय तथा वित्तीय प्रतिवेदन (म.ले.प. फा.नं. २७०)**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको एकीकृत आय व्ययको विवरण देहायबमोजिम रहेको छ । एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसूचीमा उल्लेख छ।

.	आय तर्फ		सि.नं.	व्यय तर्फ	
	विवरण	रकम		विवरण	रकम
प१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	४६७६९१५५०.९०
	क) संचितकोष खाता	३८२९०८०२.३४	२	पुँजीगत खर्च	२२५७६०५७२.२०
	ख) स्थानीय धरौटी कोष खाता	१०८२८७८१.२२	३	धरौटी फिर्ता	६८३७१५२.५०
	ग) विविध खर्च खाता	३४३२२०६.२६	४	कोष तर्फको खर्च	
	घ) स्थानीय तह विविध कोष खाता	२१५६६६.६७		क) प्रकोप व्यवस्थापन कोष तर्फ	५४२७०९.००
	ङ) स्थानीय तह आकष्मिक कोष खाता	३८१८०५.००		ख) आयोजना व्यवस्थापन कोष तर्फ	३२८५३.९२
	च) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१६४६५१२.७५		ग) मर्मत सम्भार कोष तर्फ	३६२००२८.५८
२	राजश्व(आन्तरिक आम्दानी तथा अन्य)			घ) विविध खर्च खाता	१६०३७०३६.००
	क) आन्तरिक राजश्व (मालपोत कार्यालय सहित)	११६८०८२९.७१		ङ) आकष्मिक कोष खाता	७६९५३.००
	ख) अन्य विविध आम्दानी			च) विभाज्य कोष	६६७८००.००
३	वित्तिय हस्तान्तरण (संघ)			अन्तर स्थानीय तहबाट प्राप्तको खर्च	
	क) वित्तिय समानिकरण अनुदान	१११६७१९२०.००	५	क) सामाजिकसुरक्षा कार्यक्रम	२१९६३७९४०.००
	ख) सर्शत अनुदान	४००७९२५७९.००		ख) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम	७८६६३४.००
	ग) समपुरक अनुदान	५९५७३९८.००		ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम	२०४२५८३४.००
	घ) विशेष अनुदान	२०४८४१६५.००		च) आन्तरिक मामिला तथाकानुन मन्त्रालय	९१२०००.००
	ङ) राजश्व बाँडफाटबाट प्राप्त संघ	११४७९६४३१.००		संघ तर्फको निकासा फिर्ता	४५३६८९१४.११
	च) अन्य अनुदान	५७०३९६.००	६	प्रदेश तर्फको निकासाफिर्ता	१०९०६२८२.००
४	प्रदेश सरकार प्राप्त अनुदान		७	बैक मौज्दात	
	क) समानिकरण अनुदान	१४४३२०००.००	८	क) सञ्चित कोष खाता	३६६५२६७३.८४
	ख) सर्शत अनुदान	५८५७००००.००		ख) मर्मत सम्भार कोष	१५५.६७
	ग) समपुरक अनुदान	२९०१२०३.००		ग) विविध खर्च खाता	२०५२८७०.९८
	घ) विशेष अनुदान	३००००००.००		घ) आयोजना व्यवस्थापनकोष	०
	ङ) राजश्व बाँडफाडबाट प्राप्त राजश्व प्रदेश	३२३२२६९.०२		ङ) स्थानीय प्रकोप व्यवस्थापन कोष	२७७९५८८.७५
	च) अन्य अनुदान			च) धरौटी कोष खाता	१२४२७९३६.७२
५	अन्तर सरकारी वित्तिय हस्तान्तरण खर्च/निकासा			छ) स्थानीयआकष्मिक कोष खाता	३०४८५२.००
	क) सामाजिक सुरक्षा कार्यक्रम	२१९६३७९४०.००		ज) विभाज्य कोष खाता	१८१५००.००
	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम [370001143]	७८६६३४.००			

	ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम[36501116]	२०४२५८३४.००			
	च) आन्तरिक मामिला तथा कानुन मन्त्रालय [३१४०००११३]	९१२०००.००			
६	**विभिन्न कोष तर्फको आय**				
	क) मर्मत सम्भार कोष	३४३७३७१.५०			
	ख) विविध खर्च खाता	१४६५७७००.७२			
	ग) स्थानीय प्रकोप व्यवस्थापन कोष	१६७५७८५.००			
	घ) धरौटीकोष तर्फको आय	८४३६३०८.००			
	ङ) विभाज्य कोष	८४९३००.००			
	कुल जम्मा	१०७३७०३८३८.१७		**कुल जम्मा**	१०७३७०३८३८.१७

कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पेश तथा प्रमाणित गरेको आर्थिक विवरण अनुसार सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रु.२१९५२९६८५।० भएकोमा पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरण अनुसार २१९६३७९४०।० रहेको छ। पालिका र कोष तथा लेखा नियन्त्रक कार्यालयले पेश गरेको विवरण बिच रु.१०८२५५।० फरक परेको सम्बन्धमा पालिकाले तयार गरेको आर्थिक विवरणले यथार्यता चित्रण गरेको पाइएन। यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ पालिकााको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको एकिकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले देहाय बमोजिमको संघीय सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारीको रु.२४,०७,४२,१५३।० तथा प्रदेश तर्फ आन्तरीक मामिला तथा कानून मन्त्रालयको रु.९,१२,०००।० समते रु.24,16,५४,१५३।०निकासा तथा खर्च भएकोमा पालिकाले तयार गरेको वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को सहायक लेखा टिप्पणी (२७०-६) मा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदन पूर्ण नहुँदा पालिकाले तयार गरेको एकीकृत वित्तिय प्रतिवेदनले (म.ले.प.फा.नं २७०) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार वित्तीय विवरणमा समेत खुलासा गर्ने व्यवस्था गर्नुपर्दछ।

संघीय तथा प्रदेश सरकारवाट प्राप्त अन्तरसरकारी अख्तियारीको बजेट तथा, निकासा

सि.नं.	कार्यक्रम	बजेट	निकासा/खर्च
१	सामाजिक सुरक्षा तथा संरक्षण	२२००८०८४०.००	२१९५२९६८५.००
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३५००००.००	७८६६३४.००
३	स्थानीय पुर्वाधार सहयोग कार्यक्रम	२१३५५०००.००	२०४२५८३४.००
४	आन्तरिक मामिला तथा कानून	९१२०००.००	९१२०००.००
जम्मा		२४३६९७८४०.००	२४१६५४१५३.००

आन्तरिक मामिला र कानून मन्त्रालयले १० वर्षे सशस्त्र द्वन्द्वमा मृतकको हकवाला र पिडितलाई राहतको रुपमा उपलब्ध गराएकोछ। सो रकम जिल्ला प्रशासन कार्यालयले दिएको राहतसँग दोहोरो परेको यकिन हुने आधार समेत यकिन हुने प्रमाण संलग्न गरेको पाइएन ।

२.३ फरक हिसाब–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ४६३७।०, यस वर्षको प्राप्ति रु.

३२७०९८७०६।५७, यस वर्षको भुक्तानी रु.३२५८५२१३७।११ र बैङ्क मौज्दात रु.१४६।० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	५४८००४११.००	६९१८०९३५७.६०	६९३४५२१२३.१०	५४३९९४३१.९६
एकीकृत आर्थिक विवरणअनुसार	५४७९५७७४.00	१०१८९०८०६४.१७	१०१९३०४२६०.२१	५४३९९५७७.९६
फरक	४६३७.००	३२७०९८७०६.५७	३२५८५२१३७.११	१४६

२.४ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले तयार गरेको स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	३६६५२६७३.८४	३६६५२६७३.८४	०.००
चालु खर्च खाता	०.००	०.००	०.००
पुँजीगत खर्च खाता	०.००	०.००	०.००
ग.२.७ विविध खर्च खाता	२०५२७२४.९८	२०५२७२४.९८	०.००
ग.७.२ प्रकोप व्यवस्थापन कोष खाता	२७७९५८८.७५	२७७९५८८.७५	०.००
स्थानीय विभाज्य कोष	१८१५००.००	१८१५००.००	०.००
ग.७.१ आकष्मिक कोष खाता	३०४८५२.००	३०४८५२.००	०.००
ग.५.१ विविध कोष खाता	१५५.६७	१५५.६७	०.००
ग.३. स्थानीय धरौटी खाता	१२४२७९३६.७२	१२४२७९३६.७२	०.००
ग १.१, आन्तरिक राजस्व खाता	०.००	०.००	०.००
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०.००	०.००	०.००
ग.१.३.आन्तरिक अनुदान खाता	०.००	०.००	०.००
जम्मा	५४३९९४३१.९६	५४३९९४३१.९६	०.००

३ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण

तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । बजेट यो वर्षको रु.१ अर्ब १ करोड ४९ लाख ८० हजार सुरु बजेट रकमको सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।
आवधिक योजना नबनाई पालिकाले देहाय बमोजिम (सुत्राअनुसार) बजेट र खर्च गरेको छ ।

क्र.सं.	आ.व	बजेट	खर्च
1	२०८१।८२	८४,८५,१७,९४९.००	६९,३४,५२,१२३.१०
2	२०८०।८१	८४,५२,११,२६०.९६	६९,४४,१९,८१२.६९
3	२०७९।८०	९७,२२,२३,२१५.७१	७८,६४,४५,३२५.३०
4	२०७८।७९	७७,१०,५१,५७९.८०	६५,६५,७६,३६१.२९
5	२०७७।७८	७६,०४,८९,०६१.०८	६३,०९,९३,१६५.५०
जम्मा		४,१९,७४,९३,०६६.५५	३,४६,१८,८६,७८७.८८

आवधिक योजना नहुँदा योजना र कार्यक्रमले प्रदेश र संघको प्राथमिकता अनुसार देशको लक्षित क्षेत्रमा लगानी नहुने अवस्था हुँदा आवधिक योजना बनाउनु पर्छ। यो वर्ष गत वर्षको भन्दा खर्च क्षमता घट्दो देखिन्छ। मुद्रा स्फितिको कारणले खर्च बढ्दै आर्थिक कृयाकलापलाई विस्तार गर्दै लानु पर्नेमा खर्च क्षमतामा न्यूनता आउनु बजेट आशाजनक छैन।

६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति २०८१/०३/१० मा रु.१ अर्ब १ करोड ४९ लाख ८० हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१/०३/१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१/०४/०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट

गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५८,२२,५१,१९३।०	१,१६,८०,८२९।०	२.०६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.०६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८ खर्च बिश्लेषण

दुल्लु नगरपालिका आर्थिक ऐन, २०८१ र विनियोजन ऐन, २०८१ बमोजिम आन्तरिक आम्दानी रु ७७,००,०००।०० राजश्व बाँडफाड र अनुदान रु.८४,०८,१७,९४९।० समेत ८४,८५,१७,९४९।०० अनुमान गरिएको पाइयो। पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.११६८०८२९।० राजस्व बाँडफाँड र अनुदानबाट रु समेत रू ६७,७९,६३,०१६।०आम्दानी भएकोमा चालु तर्फ रु ४६,७६,९१,५५०।० र पूँजिगत तर्फ रु २४,६१,८६,४०६। समेत रु ७१,३८,७७,९५६। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.६३ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रू १,१३,८४,४३७।०० खर्च भएको छ जुन आन्तरिक आयको ९७.४६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.४४ प्रतिशत चालु र ३२.५६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ। कूल विनियोजन रकम रू ८४,८५,१७,९४९।०० भएकोमा रु. ७१,३८,७७,९५६।० खर्च गरी कूल ८४.१३ प्रतिशत वित्तीय प्रगति गरेको छ । लक्षित बजेट कार्यान्वियन भएको पाइएन बजेटको लक्षित उद्देश्य विश्लेषण गर्नुपर्दछ।

९ क्षेत्रगत बजेट र खर्चको स्थिति

विनियोजन ऐन, २०८१ को बमोजिम क्षेत्रगत बिनियोजन गरी सन्तुलित रुपले खर्च गर्नुपर्ने व्यवस्था छ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

सि.नं.	क्षेत्र/ उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	३०८७५९५५.	२५६९०८६४.	३.७४
२	सामाजिकविकास	५३८८९४९०४.४५	४५६९७१६८८.१९	६६.४७
३	पूर्वाधारविकास	९३५७९३८८.	७५५०५६४२.६९	१०.९८
४	सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र	४३८३१२९०.५५	३४००५३२२.४	४.९५
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	११६३३६४११.	९५३२४०४९.८२	१३.८६
	कुल जम्मा	८२३५१७९४९.	६८७४९७५६७.१	१००.

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ६६.४७ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ३.७४ प्रतिशत रहेको छ ।

१० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
समानीकरण पुँजीगत खर्चतर्फ	**११५१८३**	५९४३	८७५८	२११२९	७९३५३	४८५५५
संघीय सशर्त	६७१७९	२०४८४	२५०७	१००२०	३४१६८	२२५०३
प्रदेश सशर्त	४३३९९	०	५१६	१६७६४	२६११९	१६१०३
स्थानीय पूर्वाधार विकास कार्यक्रम	२०४२६	०	०	०	२०४२६	१८५३१
जम्मा खर्च	**२४६१८७**	**२६४२७**	**११७८१**	**४७९१३**	**१६००६६**	**१०५६९२**
खर्च प्रतिशत	१००	१०.७३	४.७९	१९.४६	६५.०२	४२.९३

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च रु.२४ करोड ६१ लाख ८७ हजारनिकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ६४ लाख २७ हजार (१०.७३प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड १७ लाख ८१ हजार (४.७९प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड ७९ लाख १३ हजार (१९.४६ प्रतिशत) र चौथो त्रैमासिकमा रु १६ करोड ६६ हजार (६५.०२ प्रतिशत)खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ५६ लाख ९२ हजार (४२.९३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ **पेश्की बाँकी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) मा उपभोक्ता समितिलाई पेश्की उपलब्ध गराउन सकिने साथै सोही नियमावलीको नियम ११३ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिनेतथा फस्यौंट गर्ने व्यवस्था छ। पालिकाले दिएको पेश्की वर्षान्तसम्म फस्यौंट नभई रु.६९,७४,०२६।० पेश्की रहेको छ। उक्त पेश्कीमध्ये तोकिएको समयमा फस्यौंट नभई म्याद नाघेको पेश्की रु.२०,७४,०२६।० रहेकोले उक्त पेश्की रकम असुल फस्यौंट गर्नुपर्ने रु.

सि.नं.	पेश्की लिनेको नाम	प्रयोजन	म्याद ननाघेको रकम	म्याद नाघेको रकम
१	नेपाल विधुत प्राधिकरण दैलेख वितरण केन्द्र	विद्युत मर्मत तथा विस्तार योजना		४९६०००
२	सेवक नेपाल, दैलेख	आवधिक योजना निर्माण		३५००००
३	माथिल्लो डुङ्गेश्वर बैंक दुल्लु लिफ्टिङ खानेपानी आयोजना(कर्णाली नदी कोटथला) उपभोक्ता समिति	कर्णाली कोटाथला लिफ्ट खानेपानी आयोजना जग्गा व्यवस्थापन		३२८०२६
४	पानीमुल नाउलेगाउँ खानेपानी तथा तथा सरसफाई समिति दु.न.पा.६	पानीमुल नाउलेगाँउ खानेपानी तथा सरसफाइ योजना दु न पा ६		१६००००
५	आशिष कौशिक जे.भि .	नेपाल राष्ट्रिय मावि बहुउद्देश्य भवन निर्माण (भारतीय राजदुतावाससँगको साझेदारी)	४९०००००	
६	भाद्र पादुका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दु.न.पा.९	भाद्र पादुका खानेपानी तथा सरसफाइ		७४००००
		जम्मा	४९०००००	२०७४०२६

पेश्की	२०,७४,०२६

१२ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकाले आन्तरिक लेखारीक्षणको लागि आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन । पालिकाले आन्तरिक लेखापरीण शाखा स्थापना गरी दरबन्दी अनुसार कर्मचारी पूर्ति गरी लेखापरीक्षण गर्नु पर्नेमा पालिकाले हालसम्म शाखा स्थापना गरी आन्तरिक लेखापरीक्षण गर्ने गरेको छैन। कानूनी आधारबेगर पालिकाकैप्रशासन शाखाको कर्मचारीबाट लेखापरीक्षक नियुक्त गरी आन्तरिक लेखापरीक्षण गराउदै आएको छ। प्रशासन शाखाका कर्मचारी समशेर बहादुर शाहीलाई जिम्मेवार तोकी आन्तरिक लेखापरीक्षण गरेको छ । प्रशासन शाखाको कर्मचारीले वर्षभरीको कामकारबाही सम्बन्धी स्रेस्ता नै उक्त कर्मचारीबाट लेखापरीक्षण गराउनु कानुनी मान्यता तथा लेखापरीक्षणको सिद्धान्त विपरित देखिन्छ।

१३ वार्षिक खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२ करोड ५७ लाख ६० हजार पूँजीगत खर्च/ निर्माण कार्य गरेको छ । वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१४ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा १३.४२ देखि ४७.९३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसूचीमा उल्लेख छ।

(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१५ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,२९,५०,८८०।५३ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १,१६,८०,८२९।७१ अर्थात अनुमान भन्दा ५०.९० प्रतिशत आय प्राप्त गरेको छ । आर्थिक गतिविधि संकुचित भएकोले उत्पादन, रोजगारीमा असर गरेको अवस्था छ। आय अनुमान यथार्थ देखिएन वास्तविकता नजिक हुने गरी अनुमान गर्नुपर्दछ।

१६ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२२,२०,०००।००	१७,८१,३६८।०६	८०.२४
घरजग्गा वहाल कर	५,५०,०००।००	८,९८,३२१।०२	१६३.३३
व्यवसाय कर	२,००,०००।००	२,२६,५५०।००	११३.२६
वहाल विरौटी शुल्क	०	७५,०००।००	

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

१७ **राजश्व वाँडफाँड**

कर्णाली प्रदेश सरकार आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने रकम	पठाएको रकम	पठाउन बाँकी रकम
ढुङ्गा गिट्टि बोलपत्रबाट आम्दानि	६६७८००	२६७१२०	२६७१२०	0
ढुङगा गिट्टि र मनोरञ्जन कर	१८१५००	७२६००	0	७२६००
			प्रमाण पेश नगरेको	७२,६००

१८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु१,६५,५५०।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१९ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका १०६ वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु. ७,७३,६२,०००।० वजेट घट गरी कुल २९१ वटा योजना तथा कार्यक्रममा वजेट थप रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेट रु. १,०१,४९,८०,०००।० को तुलनामा ७.६२ प्रतिशत हुन आउँछ। यसरी कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

२० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल ५८३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र सं	कार्यक्रमको नाम	योजना संख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५-२० लाख सम्मका योजना संख्या	रु.५ लाख भन्दा कमका योजना सङ्ख्या
१	नगर तथा वडास्तरीय	**५८७**	**३३**	**९२**	**४६२**

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५३४ योजनामात्र कार्यान्वयन भई**५३**योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२१ **आयोजना बैंक**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वयनमा ल्याएको पाइएन। पालिकाले आयोजना बैंक नवनाई यो बर्ष४४१ योजनामा रु.३१ करोड २० लाख ८३ हजार बजेट बाँडफाँट गरेको छ । पालिकाले स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२२ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। दल्लु नगरपालिका विनियोजन ऐन,२०८१ मा स्थानीय तहले वार्षिक नीति तथा कार्यक्रममा र विनियोजन बमोजिम खर्च गर्नुपर्छ। यस पालिकाले यो वर्ष रु ४ करोड अबण्डा बजेट व्यवस्था गरी ४७ योजनामा रु.४ करोड खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

२३ **तलवी प्रतिवेदन**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ४३(२) मा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु. २,०३,९६,९१४।० तलब भत्ता भुक्तानी गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम तलबी प्रतिवेदन पारित गरेरमात्र तलव भुक्तानी गर्नुपर्दछ।

२४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १८१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रशाकीय अधिकृत सहित १७७ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत स्तर(नवौं/दशौ तह)सहित ४ पदहरु रिक्त रहेका छन् ।

1.

सि.नं.	पद	दरबन्दी							पदपूर्ति							कैफियत
		स्थायी	अस्थायी	करार	गापा	प्रदेश	संघ	जम्मा	स्थायी	अस्थायी	करार	गापा	प्रदेश	संघ	जम्मा	
१	प्र.प्र. अधिकृत	१	-	-	-	-	१	१	-	-	-		-	-	१	
२	अधिकृत नवौं/ दशौं शिक्षा	१	-	-	-	-	-	१	-	-	-	-	-	-	-	रिक्त
३	अधिकृत/ दशौं प्राविधिक	१	-	-	-	-	-	१	-	-	-	-	-	-	-	रिक्त
४	अधिकृत नवौं/ दशौं	१	-	-	-	-	-	१	-	-	-	-	-	-	-	रिक्त
५	अधिकृत आठौं	२	-	-	-	-	-	२	-	-	२	-	-	-	२	
६	अधिकृत सातौं	४	-	-	-	-	-	४	४	-	-	-	-	-	४	
७	अधिकृत छैठौं	३८	-	-	-	२	-	४०	३७	१	२	-	-	-	४०	
८	सहायक पाँचौं	४९	-	-	-	-	-	४९	४९	-	-	-	-	-	४९	
९	सहायक चौथो	४३	-	-	-	-	-	४३	१३	७	२३	-	-	-	४३	
१०	हलुका सवारी चालक	-	-	-	३	-	-	३	-	-	३	-	-	-	३	
११	भारी सवारी चालक	-	-	-	३	-	-	३	-	-	३	-	-	-	३	
१२	कार्यालय सहयोगी	-	-	३३	-	-	-	३३	-	-	३३	-	-	-	३३	
१३	पाले	-	-	-	-	-	-	-	-		-	१	-	-	१	
१४	सरसफाइ सहयोगी	-	-	-	-	-	-	-	-	-	-	९	-	-	९	
जम्मा		१४०	०	३३	६	२	१	१८१	१०३	८	६६	१०	०	०	१८८	

स्थानीय तहको लागि प्राविधिक कर्मचारी पदपूर्ति अवस्था २०८२ असार

सि.नं.	पद	आइटी कम्प्यूटर	स्वास्थ्य	कृषी	पशु	शिक्षा	इन्जिनियर	नापी	जम्मा
१	अधिकृत आठौं	-	२	-	-	-	-		२
२	अधिकृत सातौं	-	१	-	१	-	-		२
३	अधिकृत छैठौं	१	३४	१	-	१	-		३९
४	सहायक पाँचौ	-	२१	२	२	१	-		२८
5	सहायक चौथो	-	१७	-	४	-	७	१	२९
जम्मा		१	७५	३	७	२	११	१	१००

२५ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ। पालिकाले लेखापरीक्षणमा पेश गरेको विवरण अनुसार विभिन्न पदमा ६६ कर्मचारीहरु करारमा राखी करार सेवा शुल्क शिर्षकमा वजेट विनियोजन गरी करार सेवा शुल्क शीर्षकवाट पालिका करार तर्फका कर्मचारीलाई तलव तथा करार सेवा शुल्क रु.१,३८,६८,६३३।० खर्च लेखेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको अधिकृत आठौं २, अधिकृतस्तर छैटौ २ र सहायक चौथो तहमा २३ समेत गरी २७ कर्मचारी करार नियुक्ति गरी तलवभत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन। करारमा नियुक्ति गर्ने पद्धतिमा पालिकाले सुधार गर्नुपर्दछ।

२६ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ३४,१७,९२७।०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,१६,८०,८२९।० को २९.२६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ, साथै सहायता वितरण गरेको वेभसाइट राख्नु पर्दछ।

२७ खर्चमा मितव्ययिता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(४) मितव्ययिता कायम गर्नेगरी खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयबाट देहायको खर्च शिर्षकमा बजेट व्यवस्था भएकोमा देहाय बमोजिम गतवर्ष र यो वर्षको खर्च लेखेको छ ।

सि.न.	खर्च शिर्षक	गत वर्ष आर्थिक वर्ष २०८०।८१		यस वर्ष २०८१।८२	
		बजेट	खर्च	बजेट	खर्च
१	इन्धन	५२६२०००	३८३५९४८	४७०००००	४३३५४१३
२	मर्मत	४३५००००	२५२९४८६	२९१५०००	२८४४७३५
३	विविध	२६७२०००	२४८१३४७	२९९९०००	२७९३४८०
४	कार्यालय समान	९३०००००	७३३९४६४	८१२५०००	७९०२६७७
	जम्मा	२१५८४०००	१६१८६२४५	१८७३९०००	१७८७६३०५

माथिको तालिका बमोजिम स्थानीय तहको सञ्चालन खर्च गत भन्दा यस वर्ष बढेको देखिन्छ। पालिकाले सञ्चालन खर्च घटाउने योजना सहित नीति तथा कार्यक्रम र बजेट उल्लेख गर्नुपर्दछ।

२८ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था निम्न छ:

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/ प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित	विभिन्न समय	२७	-	निशुल्क प्राप्त
सवारी साधन (रु.१ लाखभन्दा बढी)	विभिन्न समय	४२	३६४०४३७९	
उपकरण (रु.१ लाखभन्दा बढी)	विभिन्न समय	४	८७९९३६	
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन		१/ १	५५५००००	२ वटा (टिप्पर र पिकअप)
अतिक्रमणमा परेको जग्गा	-	-	-	-
अतिक्रमण हटाउन गरेको प्रयास	-	-	-	-

पालिकाले आफ्नो क्षेत्रभित्र अतिक्रमणमा परेको जग्गा तथा अतिक्रमण हटाउन गरेको प्रयास लगायतका सम्पत्तिहरुको विवरण अद्यावधिक गरेको छैन। पालिकाले सम्पत्तिको उपयोग तथा संरक्षण सम्बन्धमा कार्यालय प्रमुख तथा सम्बन्धित पदाधिकारीले ध्यान दिनुपर्दछ।

२९ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको भएतापनि देहायका क्षेत्रमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको देखिएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वयनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी प्रगतिको समिक्षा गरेको पाईएन।
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन।
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन।
- भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको तथा भ्रमण अभिलेख खाता पूर्ण रूपमा लागू गरेको पाईएन।
- स्थानीय तहले अधिकांश निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने तथा अनुगमनको व्यहोरा कार्यान्वयनको अवस्था मुल्याङ्कन गरेको पाइएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख तयार गरेको देखिएन।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गरेको देखिएन।
- पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन।
- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरेको देखिएन।
- मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई प्रदान गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख तयार गरेको देखिएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख तयार गरेको देखिएन।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख तयार गरी समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य गरेको देखिएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा अमानतवाट सङ्कलन गरेको नगद राजस्व असुली गरी निश्चित अवधि पश्चात् मात्र वैङ्क दाखिला गर्ने गरेको देखियो। सवै कारोवार वैङ्किक प्रणाली

मार्फत संङ्कलन गरेको देखिएन।

- उपभोक्ता समितिहरू स्थायी लेखा नम्वर (PAN) मा दर्ता भएको तथा विजक जारी गरेको पाईएन।
- अनुदान वितरण गर्दा लाभग्राही छनौटको मापदण्ड लागत साझेदारीको मापदण्ड तय गरेको पाईएन।
- कुनै रकम भुक्तानी गर्दा सम्वन्धित शाखावाट भुक्तानीको सिफारीस पत्र (म.ले.प.फा.नं. २०२) प्राप्त भए पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा उक्त व्यवस्थाको पालना भएको देखिएन।
- पालिकाले सम्पन्न गरी भुक्तानी गरेका अधिकांश योजनाको कार्य स्विकार तथा विलमा कार्यालय प्रमुखले प्रमाणित गरेको देखिएन।

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ ।

३० लक्ष्य प्रगति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा प्रमुख प्रशासकीय अधिकृतले प्रतिवेदन तयार गरी कार्यपालिको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालोलयले त्रैमासिक तथा वार्षिक भौतिक लक्ष्य र भौतिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका वडा स्तर, पालिका स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलार्इ जिम्मेवार बनाउनु पर्दछ।

कार्यक्रम/ योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	५८७	५३	०	०	५३४

३१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ र यो वर्ष थप भएको १६ गरी कुल २५ विवाद दर्ता भएकोमा १४ वटा मात्र फस्र्यौट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३२ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २७ वटा ऐन, ५ वटा नियमावली, ७९ कार्यविधि लगायत १११ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

३३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण कतपयदले दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको

प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३४ सामुदायिक वनको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वन कार्यालयको अभिलेख वमोजिम यस पालिकाक्षेत्रमा ५६ वटा सामुदायिक वन रहेको छ। पालिका अन्तर्गत कुनैपनी सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत नगरेको पालिकाले जनाएको छ। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वियन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

३५ सेवा प्रवाह

यस आर्थिक वर्षमा पञ्जिकरण शाखा तथा अन्य शाखाबाट उपलब्ध गराएको विवरण अनुसार सेवा उपलब्ध गराएको विवरण प्राप्तभएको छ ।

सि.नं.	विवरण	यस वर्ष	गतवर्ष
	पञ्जिकरण तर्फ		
१	जन्म दर्ता	१३०१	५३२८
२	मृत्यू दर्ता	३६३	१२९४
३	बसाइसराई	१२८	५४९
४	विवाहदर्ता	४६४	१९५४
५	सम्बन्ध विच्छेद दर्ता	२५	५३
	अन्य सेवा		
६	नागरिकता सिफारिस	१७७६	-
७	घरबाटो सिफारिस	४७१	-
८	नाता प्रमाणित	५१६	-

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पञ्जिकरणतर्फको सेवा प्रवाह गत वर्षको तुलनामा यस वर्ष घट्दो देखिउको छ। पालिकाले सूचना प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सरल,सहज र प्रभावकारी वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

३६ आय ठेक्का

मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार निकासी तथा विक्री आम्दानी र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम कार्यालयले ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम असुल गरीसंघीय संचित कोष दाखिला गर्नु पर्ने उल्लेख

गरेको छ । पालिकाले ढुङ्गा, गट्टी लगायतका नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्दा देहायको व्यक्ति तथा कम्पनीसँग रु.७७४३००।०(मूल्य अभिवृद्धि करबाहेक) मा सम्झौता गर्दा मूल्य अभिवृद्धि कर रु.१,००,६५९।० असुल गरी दाखिला गरेको छैन । कानुनमा व्यवस्था भए बमोजिम आय ठेक्का मूल्य अभिवृद्धि कर असुल गरी दाखिला गर्नुपर्ने रु.

ठेक्का नं.	उत्खान क्षेत्र	व्यक्ति वा निर्माण व्यवसायी	लागत अनुमान (मूल्य अभिवद्धि कर बाहेक)	संझौता रकम (मूल्य अभिवृद्धि बाहेक)	दाखिला रकम	मूल्य अभिवृद्धि कर रकम
१	लोहोरे खोला तल्लो डुङ्गेश्वर क्षेत्र	टोप बहादुर थापा	५५१८७	५५३००	५५३००	७१८९
२	कर्णाली नदि लामा	ग्रेट इम्पाइर कन्स्ट्रक्सन एण्ड सप्लायर्स	५५९८०	५३०००	५३०००	६८९०
३	२ पटक सम्म सूचना प्रकाशन गर्दा समेत कुनै कबोलकर्ताले पेश नगरेको		५२९८०	०	०	०
४	छामाघाट खोला/ खातितडा कोटिला	रेशम बहादुर भण्डारी	३३९०७२	३४१०००	३४१०००	४४३३०
५	छामघाट खोला/ गमौडी श्रीस्थान खण्ड	दिपेन्द्र कुमार मेनाल	१६२५४३	१६५०००	१६५०००	२१४५०
६	पादुका खोला	हिमाल कन्स्ट्रक्सन	१५८९४०	१६००००	१६००००	२०८००
				जम्मा	७७४३००	१००६५९
					असुल गर्नुपर्ने	१,००,६५९

३७ राजस्व आम्दानीको लेखा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसूकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय र पालिकावाट नगद र वैंक मार्फत राजस्व प्राप्त गर्ने गरेकोमा ऐन नियममा भएको व्यवस्था बमोजिम सेवाग्राहीले बैक दाखिला गरेको रकमको बैंक भौचर र सेवा ग्राहिबाट नगद प्राप्त गरेको रकम बैंक दाखिला गरेको बैंक भौचर गोश्वरा भौचरसाथ संलग्न गरी राख्नु पर्नेमा गोश्वरा भौचर तयारी गरी गोश्वरा भौचर साथ सवै दाखिला भौचर संलग्न गरी राखेको देखिएन । जसबाट पालिकाले प्राप्त गरेको सम्पुर्ण राजस्व रकम दाखिला भए नभएको, प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए नभएको र पालिकाले आम्दानी देखाएको राजस्व रकम के वापत कसले बुझाएको हो भनेर एकिन गर्न सकिने अवस्था देखिएन । अत पालिकाले जुनसूकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ ।

३८ करारका कर्मचारीलाई अवकास योगदान थप

करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अन्य सुविधा नपाउने गरी बढीमा ६ महिनाको समय अवधि राखि करार संझौता गर्नु पर्दछ।पालिकाले दरबन्दी भित्रका करारका कर्मचारीलाई श्रावण देखि मंसिर सम्मको तलब भुक्तानी गर्दा १० प्रतिशत कट्टा

गरी १० प्रतिशत अवकास कोष थप गरी भुक्तानी गरेको देखिन्छ । करारका कर्मचारीलाई अवकास कोष कानूनी व्यवस्था नभएकोले पालिकाबाट थप गरिएको कल्याण कोष रकम निम्नानानुसारका कर्मचारीबाट असुल गर्नुपर्ने रु.

क्र.सं.	कर्मचारीको नाम र पद	अवकास कोष
1	अ.छैठौं शम्शेर बहादुर शाही	२१८४४.५
2	अ.छैठौं सौगात कार्की	२१८४४.५
3	सहायक पाँचौ रमेश प्रसाद उपाध्याय	१७३६५
4	सहायक चौथो चिरंजीवि प्रसाद उपाध्याय	१६४५१
5	सहायक चौथो कृष्ण थापा	१६४५१
6	सहायक चौथो दिपेन्द्र कुमार शाही	१६४५१
7	कम्प्युटर अपरेटर नगेन्द्र बहादुर थापा	१६४५१
8	ल्याब असिस्टेन्ट रविन्द्र रिजाल	१६४५१
9	स.चौथो लोक बहादुर खड्का	१६४५१
10	स.चौथो भद्र बहादुर हमाल	१६४५१
11	स.चौथो राजेन्द्र प्रसाद अधिकारी	१६४५१
12	स.चौथो दीपक प्रसाद आचार्य	१६४५१
13	स.चौथो तेज बहादुर महत	१६४५१
14	स.चौथो रत्न गिरी	१६४५१
15	स.चौथो यज्ञ बहादुर खड्का	१६४५१
16	स.चौथो भरोषा शाह	१६४५१
जम्मा		२७४९१७

असुल गर्नुपर्ने	२,७४,९१७

३९ **स्थानीय अवकाश कोष**

निवृत्तिभरण कोष ऐन, २०७५ को दफा १० मा कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशत कट्टा गरी सोमा सतप्रतिशत कार्यालयको तर्फबाट थप गरी निवृत्तिभरण कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था बमोजिम नगरपालिकामा स्थायी नियुक्ति भएका कर्मचारीहरुको तवलबाट रकम कट्टा तथा पालिकाले थप गरी कोषमा जम्मा गरेको देखिन्छ। तर पालिकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ बमोजिम व्यवस्था कार्यान्वयनको लागि दुल्लु नगरपालिका कर्मचारी अवकाश कोष संचालन कार्यविधि, २०७८ कार्यान्वयनमा ल्याई कर्मचारीको तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोमा पालिकाले सत प्रतिशत थप गरी कर्मचारीहरुको कृषि विकास बैक शखा कार्यालय, दुल्लुमा खाता खोली रकम जम्मा गर्ने गरेको पाईयो। यस वर्ष उक्त कोषमा २४ जना कर्मचारीहरुको पालिकाले थप १० प्रतिशत रु.९,४६,१३२।० भुक्तानी दिई थप व्ययभार बढाएको छ। विगत वर्षमा समेत उक्त कोषमा रकम जम्मा गर्ने गरेको कार्यालयको भनाई रहेकोमा कोषमा रहेको सम्बन्धमा लेखापरीक्षणको क्रममा पेश भएको छैन। पालिकाले कर्मचारीको विरामी बिदा लगायतको विदा वापत सुविधा पाउने सम्बन्धी अभिलेख तयार गरेको देखिएन। स्थानीय सरकार संचालन ऐन २०७८ को दफा ९१(५) बमोजिम कानुन तयार नभएको अवस्थामा पालिकाले कार्यविधि बनाई कोषमा रकम जम्मा गरेको नियमसम्मत देखिएन । कोषमा पालिकाको तर्फबाट यस वर्षको रु.९,४६,१३२।० भुक्तानी दिइ जम्मा गरेको रकम स्थानीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

क्र.सं.	कर्मचारीको नाम र पद	अवकास कोष १० प्रतिशत थप	
1.	विकाशजंगशाही	५९४१६	
2.	शुशिलामिश्र	५९४१६	
3.	गणेशबहादुर राना मगर	४३०६६	
4.	थानेश्वरजैसी	२७५५३	माघ सम्म
5.	कमलप्रसाद आचार्य	४७२३४	
6.	ममताथापा	२१५३३	पुष सम्म
7.	रामचन्द्रअवस्थी	४३०६६	
8.	भक्तबहादुर खड्का	४७२३४	
9.	लक्ष्मीप्रसाद लम्साल	५२६४६	
10.	दिपेन्द्रकुमार थापा	४४७४८	
11.	गगनबहादुर नेपाली	४४७४८	
12.	प्रेमप्रसाद पाण्डे	४४७४८	
13.	पुष्पकुमार झा	४४७४८	
14.	भरतभट्टराई	४४७४८	
15.	राजकुमार भण्डारी	४४७४८	
16.	टीकाकुमारी रावल	४४७४८	
१७.	विष्णुप्रसाद भट्टराई	४४७४८	
१८.	लक्ष्मीकंडेल	२६१०३	माघ सम्म
१९.	विनोदबहादुर थापा	४७२३४	
२०.	विशलपाठक	२७५११	माघ देखि
२१.	खगेन्द्रप्रसाद आचार्य	२००२०	फाल्गुण देखि
२२.	खगेन्द्रप्रसाद पाण्डेय	१६४५१	माघ देखि
२३.	नेमबहादुर शाही	३२३००	मंसिर देखि
२४.	अरुणचालिसे	१७३६५	फाल्गुण देखि
	जम्मा	९४६१३२	

असुल गर्नुपर्ने	९,४६,१३२

४० **फर्मको नाममा भक्तानी हुनुपर्नेमा कर्मचारीको नाममा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(४) मा सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैक खातामा जम्मा हुनेगरी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न भौचरबाट विल भर्पाइसँग सम्वन्धित भुक्तानी आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्नेमा कर्मचारी तथा व्यक्तिको खातामा भुक्तानी गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम सम्बन्धितको खातामा भुक्तानी दिई यसमा सुधार गर्नुपर्दछ ।

भौ.नं.	रकम	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने फर्मको नाम
८७९-२०८२।०३।२३	९९९५०	यज्ञ बहादुर खड्का वडा सचिव वडा नं.६	मध्यपश्चिमा एग्रोभेट

४१ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकायले खर्च लेख्दा प्रमाण तथा कागजात रीतपूर्वक भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायका कारोबारमा आवश्यक प्रमाण संलग्न गरेको छैन । यसरी भुक्तानी भएको कारोबारको प्रमाण पेश गर्नुपर्ने रु. ११६२७८८।०

गो.भौ नं/मिति	खर्चको विवरण	भुक्तानी पाउने	रकम	कैफियत
८३४-२०८२।०३।२१	त्रिपाल खरिद १४४ वटा	शर्मा ट्रेडर्स	९६००४८	वितरण भर्पाई पेश गर्नुपर्ने
	ब्ल्याङ्केट खरिद ४० वटा	शिद्धनाथ बस्त्रालय	५४२४०	वितरण भर्पाई पेश गर्नुपर्ने
८७३-२०८२।०३।२३	वडा नं. ११ बादर धपाउने मेसिन खरिद	अशुम एग्रोभेट एण्ड अर्डर सप्लायर्स	९९०००	२० थान मेसिन वितरण भर्पाई पेश गर्नुपर्ने
८७४-२०८२।०३।२३	वडा नं. ९ बादर धपाउने मेसिन खरिद	अशुम एग्रोभेट एण्ड अर्डर सप्लायर्स	४९५००	१० थान मेसिन वितरण भर्पाई पेश गर्नुपर्ने
			११६२७८८।०	

प्रमाण पेश नगरेको	११,६२,७८८

४२ **बढी भुक्तानी** (६९-2081-09-11):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकायले खर्च लेख्दा प्रमाण तथा कागजात रीतपूर्वक भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले कृषिसँग सम्बन्धित कार्यक्रम तथा प्रबिधि हस्तान्तरण कार्यक्रममा कृषक सँग साझेदारीमा भुक्तानी गर्दा देहायको कारोबारमा बढी भुक्तानी गरेको छ । यसरी नियम भन्दा भुक्तानी बढी भएकाले उक्त रकम असुल गर्नु पर्ने रु.

गो.भौ नं/मिति	खर्चको विवरण	भुक्तानी पाउने	बढि भुक्तानी	कैफियत
९०९-२०८२।०३।२४	साझेदारी कार्यक्रम	श्री लक्ष्मी इन्टरप्राइजेज एण्ड अर्डर सप्लायर्स	९८२९।३३	बिल रकम रु.९९७८९८।६७ भुक्तानी हुनुपर्नेमा नगरपालिका र कृषकबाट १००७७२८।० भुक्तानी भएको ।
९१०-२०८२।०३।२४	साझेदारी कार्यक्रम	सक्षम स्टोर्स एण्ड अर्डर सप्लायर्स	२४८७५।०	बिल रकम रु.७९८९९६।३१ भुक्तानी हुनुपर्नेमा नगरपालिका र कृषकबाट ८२३८७०।० भुक्तानी भएको ।
			३४७०४।३३	

असुल गर्नुपर्ने	३४,७०४.३३

४३ **प्रशिक्षक भत्ता**

अर्थ मन्त्रालयद्वारा जारी गरेको कार्य सञ्चालन निर्देशिका, २०८१ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका प्रशिक्षक वा सहजकर्ताको पारिश्रमिक गांउपालिकास्तरीय सहायकस्तर तालिममा कार्यपत्रबापत रु. ८०० र कक्षा सञ्चालनबापत रु. ७०० खर्च लेख्न सकिने र सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोतव्यक्ति वा प्रशिक्षक भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ। तर नमुना परीक्षणका रुप पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहाय बमोजिम तालिम/कार्यक्रममा बढी खर्च लेखेको पाइयो ।तसर्थ खर्चको मापदण्डभन्दा बढी खर्च गरेको रकम रु. ३५४२० समन्धितबाट व्यक्तीवाट असुल हुनुपर्ने रु.

गो.भौ.नं	भुक्तानी लिनेको नाम	सेसन	भुक्तानी भएको रकम	भुक्तानी हुनुपर्ने रकम	वढि भुक्तानी कर कट्टि पछी	कैफियत
५३/२०८१-१०-०२	मिना कुमारी शाही	८	१२०००	६४००	३८००	क्षयरोग मुक्त अभियान
	विष्णु वहादुर शाही	५	७५००	४०००	२३७५	
	सगुना परियार	३	४५००	२४००	१४२५	
७९/२०८१-११-२०	नवराज थापा	६	१२०००	४८००	५४००	रोजगारमा खटिनुपुर्व अभियान
	दुर्गा कुमारी लम्साल	६	१२०००	४८००	५४००	
१०१/२०८१-१२-१५	विष्णु व.शाही	२	३०००	१६००	९५०	पोषण कार्यक्रम
	हिमाल आचार्य	२	३०००	१६००	९५०	
१३०/२०८२-०१-१०	विष्णु वहादुर शाही	४	६०००	३२००	१९००	नियमित खोप तथ्याङक संकलन
	हिमाल आचार्य	४	६०००	३२००	१९००	
१२९/२०८२-०१-०१	रोशनी वादी	८	१२०००	६४००	३८००	गरिवि निवारणका लागी लघु उधम कार्यक्रम
	खगेन्द्र नाथ योगी	५	७५००	४०००	२३७५	
	कमल प्रसाद आचार्य	२	३०००	१६००	९५०	
	उमा कुमारी उपाध्याय	२	३०००	१६००	९५०	
२२१/०३-१२	विकास जंग शाही	८	८०००	६४००	१३६०	शैक्षिक सुसासनका लागी गुण्स्तरीय कार्यक्रम
	निराजन हमाल	२	२०००	१६००	३४०	
	दिनेश कुमार खडका	४	४०००	३२००	४८०	
५२/२०८२-०३-२५	चिरन्जिवी प्रसाद उपाध्याय	२	३०००	१६००	९५०	नमुना टोल तथा वडा घोषणा
	अरुण चालिसे	१	१५००	८००	४७५	
जम्मा ३५७८०						

असुल गर्नुपर्ने	३५,७८०

४४ **कार्यस्थल सुरक्षा सामाग्री** (६०-2081-10-14):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थल सुरक्षा सामाग्रीहरु सक्षम स्टोर्स एण्ड अर्डर सप्लायर्स वाट खरिद गर्नका लागी रु २०३४०० भुक्तानी गरेको छ। उक्त सामाग्रीहरु। उक्त सामाग्रीहरु रोजगारमा खटिने श्रमिकहरुलाई वितरण गर्नुपर्दछ। वितरण गरेको भरपाई पेश नगरेकाले प्रमाण पेश गर्ने अन्यथा असुलउपर गर्ने रु.

प्रमाण पेश नगरेको	२,०३,४००

४५ **वढि भुक्तानी** (१३१-2082-01-11):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ गो.भौ.नं १३१/२०८१-०१-११ मा मिना कुमारी शाहीलाई क्षयरोग मुक्त अभियानकालागि विभिन्न कार्यक्रममा ५ दिनको प्रति दिन १२००० का दरले सम्झौता गरी रु ६०००० भुक्तनी दिनुपर्नेमा रु ८४००० भुक्तानी गरेको पाईयो उक्त वढि भएको रकम रु २४०००।० असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२४,०००

४६ **अस्पताल विकास समितितर्फ**

दुल्लू अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ को दफा ९ मा समितिको छुट्टै कोष हुने र उक्त कोमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीयत तह, अस्पतालले प्रदान गरेको सेवा बाट प्राप्त रकम, दातृ संस्थाहरुले प्रदान गरेको रकम लगायतका माध्यमहरुबाट प्राप्त रकम कोषमा जम्मा गर्ने खर्च गर्ने व्यवस्था रहेको त्यस्तै दफा १० मा समितिको आन्तरिक लेखापरीक्षण दुल्लु नगरपालिकाबाट हुने र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेको छ। यस वर्ष अस्पताललाई विभिन्न कार्यक्रम तथा कर्मचारीको तलवभत्ता वापत समितिको कोषमा रु.५९,६४,१२०।० निकासा गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम पालिकाबाट समितिको आम्दानी खर्चको विवरण तथा स्रेस्ता लेखापरीक्षण लागि पेश गर्नुपर्दछ।

अनियमित भएको	५९,६४,१२०

४७ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति ,म्याद सकिने मिति,ब्याच नं.,उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्तबाट रु.१२,४२,१२०।०० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद,उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

क्र.सं.	औषधीको नाम	लागत अनुमान	बजार मुल्य	सोझै खरिद	बोलपत्रबाट खरिद
१	Tab Paracetamol 500mg	०.९९	१ रुपैया	नभएको	रु. ०.८
२	Tab Ibuprofen 400mg	३.००	३ रुपैया	नभएको	रु. २
३	Tab sulphamethoxazole 960mg	४.३४	६ रुपैया	नभएको	रु. १
४	Tab Azithromycine 500 mg	२८.९४	२९.१२	नभएको	रु. ११
६	Syp Cetrizen 5mg/ml	४८.३५	५२ रुपैया	नभएको	रु. २०
७	Lotion permethrin 1%wv, 100ml	१५५.०४	१६० रुपैया	नभएको	रु. ३०
८	Acetylsalicylic acid (Aspirin75mg)	१.०३	१.०२	नभएको	रु. ०.४

४८ **न्यानो झोला कार्यक्रम**

सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ तोकीयको स्फेसिफिकेसन अनुसार खरीद गरी गुणात्मक परीक्षण गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १० बर्थिङ सेन्टरमा गत वर्ष ६०० थानको रु ४,७७,०००।०० र यस वर्ष १००० थान को रु. ७,९४,०००।०० खरिद गरेकोमा गत वर्ष ७२० जना र यस वर्ष २०९ जना गरी ९२९ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ६७१ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४९ **प्रोत्साहन सुविधा** (२२-):

छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१ अनुसार नेपाल सरकारले छात्रवृत्तिमा अध्ययन गरेको चिकित्सकलाई कार्यस्थलमा खटाउने व्यवस्था छ। पालिकाले दुल्लु अस्पतालमा कार्यरत छात्रवृत्ति करार MDGP डा.रोहिश कोजुलाई कार्यपालिकाको मिति २०८१।१२।२५ को निर्णयले मासिक रु.२ लाख ५० हजार हुने गरी तलव भत्ता थप गरेको छ।जिल्ला अस्पताल, दैलेखबाट मासिक तलव रु.५२,४१७।०, महंगी भत्ता रु.२,०००।०, स्थानीय भत्ता रु.९,३८०।० र कर्णाली प्रदेश प्रोत्साहन भत्ता रु.४१,९३३।० समेत रु.१,०५,७८०।० मासिक रुपमा भुक्तानी भएको छ। पालिकाले निर्णय गरी मासिक रुपमा रु.१,४४,२२०(रु.२५००००- रु.१०५७८०) थप प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णयका आधारमा यस वर्ष रु.७८३४३७।० थप प्रोत्साहन भुक्तानी भएको छ। छात्रवृत्ति करारमा कार्यरत चिकित्सकलाई कार्यपालिकाले निर्णय गरी भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	७,८३,४३७

५० **अनुदानको अनुगमन**

दुल्लु नगरपालिका विनियोजन ऐन २०८१ को वमोजिम बाँडफाँड रकमबाट मापदण्ड वमोजिम कार्यक्रम पारदर्शी रुपले सञ्चालन गरी सार्वजनिक गर्नुपर्दछ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि तथापशु प्रवर्द्धन कार्यक्रमका लागि विभिन्न सहकारी संस्था तथा समूहलाई अनुदानमा रु.४६,०४,२५०।० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीले पाएको अनुदान पालिकाको वेव साईटमा

राखी अनुदानबाट उत्पादित उपजको मूल्य राहत सहुलियत सम्झौतामा तोकेको पाइएन र जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क.सं.	कार्यक्रमको नाम	लागत अनुमान	पालिकाको साझेदारी	कृषकको साझेदारी	लाभान्वित जनसङ्ख्या
१	सुन्तलाजात फलफुल पकेट विकास कार्यक्रम (नयाँ)	२२०००००	११०००००	११०००००	२० वटा समुह/सहकारी तथा निजी फर्म
2	मकैबाली प्रवर्द्धन कार्यक्रम	१२०००००	६०००००	६०००००	८ वटा समुह/सहकारी तथा निजी फर्म
३	तरकारी बिउ खरिद तथा विरतण(पालिका र प्रदेशको स्रोतबाट)	४७००००	४७००००	0.00	१५०० जना
४	कफि प्रवर्द्धन कार्यक्रम	२०००००	२०००००	0.00	१ समुह सहकारी कफि समन्वय समिति
५	कृषिसम्बन्धी प्रविधि हस्तान्तरण तथा सहयोग कार्यक्रम	१००००००	८५००००	१५००००	२३ वटा समुह/सहकारी तथा निजी फर्म
६	पशुसम्बन्धी प्रविधि हस्तान्तरण तथा सहयोग कार्यक्रम	८०५०००	६८४२५०	१२०७५०	२४ वटा समुह/सहकारी तथा निजी फर्म
७	बाख्रा वितरण कार्यक्रम बहुक्षेत्रिय पोषण कार्यक्रम	७०००००	७०००००	0.00	२५ वटा आमा समुहका सदस्यहरु
जम्मा			४६०४२५०		

५१ विद्यालयको अनुगमन नियमन व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धी मापदण्ड तयार गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५२ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ। उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:४३ देखि न्युनतम १:९ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको ५४ वटा विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:३० रहेको छ। पालिकाले विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता, भुगोल र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन एंव शिक्षक दरबन्दी मिलान तर्फ ध्यान दिनुपर्दछ।

क्र. स .	विद्यालयहरुको विवरण	दरवन्दी संख्या	पदपुर्ती			कुल जम्मा शिक्षक	जम्मा विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
			स्थायी	अस्थायी	राहात			
१	विभिन्न ५४ विद्यालयहरु	३७६	१६२	१४७	१०१	४१०	११२९९	१:२८

५३ दिवा खाजा

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.११.१ मा शैक्षिक सुचना व्यवस्थापनन प्रणाली (IEMIS) मा प्रविष्टी भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको प्रमाणित सङ्ख्यात्मक विवरणको आधारमा स्थानीय तहले सङ्ख्या एकिन गरेपछि मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष चार वटा किस्तामा ५४ वटा विद्यालयहरुलाई रु.१,२२,८७,४४८। दिवा खाजामानिकासा गरेको छ। कार्यविधिमा उल्लेख भए बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापनबाट हाजिरी प्रमाणित गरी पेश नभएको साथै स्थानीयतहबाट अनुगमन र निरीक्षण भएको छैन।त्यसैले के कति भुक्तानी हुनुपर्ने हो एकिन गर्न नसकीएकाले कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम पालिकाले अनुगमन गरी प्रमाणित हाजिरी अभिलेखका आधारमा मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

५४ **नमुना विद्यालय** (२९५-2082-03-25):

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधी २०१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप नं. ९.७ र ९.८ मा भएको व्यवस्था तथा नमुना विद्यालय विकास एवम सञ्चालन निर्देशिका, २०७४ (संसोधनसहित) बमोजिम कार्यसम्पादन करारका आधारमा प्रधानाध्यापक र शिक्षकका लागि कार्यसम्पादन सम्झौता बमोजिम विद्यालय व्यवस्थापन समितिको सिफाारिसमा प्रोत्साहन अनुदान उपलब्ध गराउने र नमुना विद्यालयले शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि विद्यालयले पेस गरेको गुरुयोजना बमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थी सङ्ख्याका आधारमा अनुदान दिने र सम्झौताबमोजिम कार्य प्रगितको निरन्तर अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सोहि बमोजिमका कार्यहरु सम्पन्न गर्ने गरी श्री विजय माध्यमिक विद्यालयलाई रु.४३,०७,९६५।० भुक्तानी दिएको छ । विद्यालयले विद्यालयको गुरुयोजना, वार्षिक योजना र नमुना विद्यालय व्यवस्थापन निर्देशिका वमोजिम शैक्षिक गुणस्तर सुधार हुने व्यवस्थापकिय कार्यहरु योजना अनुरुप भए नभएको पालिकाले अनुगमन र मुल्याङ्कन गरी योजनाको पुर्ण पालना गराउनेतर्फ विशेष ध्यान दिनुपर्दछ।

५५ **इन्टरनेट र विद्यालय सुधार योजना**

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं २.७.१३.१० को ५.५ मा र ५.३ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनका लागि विद्यालय अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले सो कार्यको अनुगमन गर्ने र IEMIS मा अनिवार्य रुपमा अध्यावधिक गर्ने गर्नुपर्दछ। त्यस्तै ५.३ मा विद्यालय सुधार योजना निर्माण गरी पालिकामा वुझाउनु पर्नेमा व्यवस्था छ। विद्यालयहरुले लेखापरीक्षणको अवधिसम्म नवुझाएकोले पालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयहरुलाई इन्टरनेट र विद्यालय सुधार योजनाका लागि निम्न विद्यालयहरुले विल भरपाई तथा सुधार योजना तयार गरी प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं	विद्यालयको नाम	इन्टरनेट	विद्यालय सुधार योजना	जम्मा
१	श्री नेपाल राष्ट्रियआधारभूत विद्यालय, देउतीचौर	१५०००	१५०००	३००००
२	श्री नेपाल राष्ट्रियआधारभूत विद्यालय, भुवाचौर	१२०००	१५०००	२७०००
३	श्री मालिका आधारभूतविद्यालय, धारापानी	०	१५०००	१५०००
४	श्री भानेश्वरमाध्यमिक विद्यालय	२००००	२००००	४००००
५	श्री नरेश्वर उद्यमशीलमाध्यमिक विद्यालय, प्रभस्थान	२००००	२००००	४००००
६	श्री भैरव आधारभूतविद्यालय, सियाला	१२०००	०	१२०००
७	श्री गगन ज्योतिआधारभूत विद्यालय, पोखरीपाटा	१२०००	०	१२०००
८	श्री कृष्ण आधारभूतविद्यालय, नारिकामूलपानी	१५०००	१५०००	३००००
९	श्री पञ्चदेवल आधारभूतविद्यालय, तल्लीपाउँ	१२००००	०	१२०००
१०	श्री शान्ति सिर्जनाआधारभूत विद्यालय, शन्तिबजार	१२०००	०	१२०००
११	श्री नेपाल राष्ट्रियआधारभूत विद्यालय, मौरिकोट	१५०००	०	१५०००
१२	श्री सरस्वती आधारभूतविद्यालय, कृष्णकोट	२००००	०	२००००
१३	श्री भैरव आधारभूतविद्यालय, रिजुतुल्धारा	१५०००	०	१५०००
१४	श्री नेपाल राष्ट्रियआधारभूत विद्यालय, रिजुपोखरा	१५०००	०	१५०००
१५	श्री जनकल्याण आधारभूतविद्यालय, पाथरनाउली	०	१५०००	१५०००
१६	श्री नेपाल राष्ट्रियआधारभूत विद्यालय, लेखालगाउँ	२००००	०	२००००
१७	श्री महेन्द्र जयदेविमाध्यमिक विद्यालय, छिउडीपुसाकोट	२००००	०	२००००
१८	श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, कीर्तिखम्ब	२००००	२००००	४००००
१९	श्री विजया माध्यमिकविद्यालय, खालीचाखा	२००००	२००००	४००००
२०	श्री कालिका आधारभूतविद्यालय, साहुबाडा	१२०००	०	१२०००
२१	श्री महादेव आधारभूतविद्यालय, घियातिदु	१५०००	१५०००	३००००
२२	श्री धुलेश्वरमाध्यमिक विद्यालय, चगत्रा	२००००	२००००	४००००
२३	श्री पञ्चकोशी आधारभूतविद्यालय, प्यादुरा	०	१५०००	१५०००
२४	श्री नव दुर्गाआधारभूत विद्यालय, भजनियाँपोखरी	०	१५०००	१५०००
२५	श्री प्रेम देविमाध्यमिक विद्यालय, धामीगाउँ	२००००	२००००	४००००
२६	श्री विन्द्रावासिनीआधारभूत विद्यालय, छुवाला	०	१५०००	१५०००
२७	श्री पञ्चकोशी ज्वालामाध्यमिक विद्यालय, गमौडी	२००००	२००००	४००००
२८	श्री इन्द्र ज्वालाआधारभूत विद्यालय, राजाकाँध	१५०००	०	१५०००
२९	श्री दिपेन्द्रआधारभूत विद्यालय, भूकाहाँ	१२०००	१५०००	२७०००
३०	श्री भैरव आधारभूतविद्यालय, लामगडा	१२०००	१५०००	२७०००
३१	श्री ज्वाला आधारभूतविद्यालय, भूकाहाँ	१५०००	१५०००	३००००

३२	श्री भानु माध्यमिकविद्यालय, तोरायाँ	२००००	२००००	४००००
३३	श्री दिपज्योतिआधारभूत विद्यालय, लम्सू	१२०००	१५०००	२७०००
३४	श्री जनता आधारभूतविद्यालय, जुम्लेसाल	१२०००	०	१२०००
३५	श्री भैरव आधारभूतविद्यालय, दह	१५०००	१५०००	३००००
३६	श्री सूर्योदयमाध्यमिक विद्यालय, लम्सू	२००००	२००००	४००००
३७	श्री सरस्वती आधारभूतविद्यालय, खातीगौंडा	१२०००	०	१२०००
३८	श्री भैरव आधारभूतविद्यालय, झाप	०	१५०००	१५०००
३९	श्री छडुङ्ग आधारभूतविद्यालय, कुनकाटीया	१२०००	१५०००	३००००
४०	श्री देउतीस्थानआधारभूत विद्यालय, बाँस्कोट	१२०००	१५०००	२७०००
४१	श्री कालिका देविमाध्यमिक विद्यालय, हाडेआवत	२००००	०	२००००
४२	श्री सरस्वती देविमाध्यमिक विद्यालय, विनायक	२००००	०	२००००
	जम्मा			१००९०००

प्रमाण पेश नगरेको	१०,०९,०००

५६ **पाठयपुस्तक खरिद**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.४.६.२ को वुँदा १ वमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थिको तथ्यांकलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङकसँग सत्यापन गराइ सत्यापन विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कागतजात विषयगत पाठयपुस्तकको संङख्या एकिन र वुदाँ (५) मा विद्यालयमा पाठ्यपुस्तकको सङख्याको ७५ प्रतिशत सङ्ख्यालाईमात्र अनुदान दिने एंव शैक्षिक सत्रमा भएको नयाँ भर्नाको विवरण पाठयपुस्तक खरिद वितरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले ५३ विद्यालयलाई रु.५७,७९,८०५।० भुक्तानी भएको छ। पाठ्यपुस्तक निकासा गर्दा EMIES र सोमा रजिष्टर्ड भइको प्रत्येक कक्षागत विद्यार्थीको कोड नम्वर सहितको विद्यार्थीको नामनामेसी विवरण सहित सत्यापन गराएको छैन।विद्यार्थीको विवरण सत्यापन गराएर मात्र पाठ्य पुस्तक वितरण गरिनु पर्दछ।

५७ **वहुप्राविधिक विद्यालय** (गोश्वार भौचर नं' ५५ र ६८५-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले पञ्चकोशी वहुप्राविधिक विद्यालयलाई रु.१५,००,००० भुक्तानी भएको छ। उक्त शिक्षालयले पालिकामा गरेको खर्चको विवरण कुन कुन शिर्षकमा के कति रकम खर्च गरेको हो सो को आवश्यक कागतजातहरु विल भरपाई, लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले प्रमाण पेश गर्ने रु.

प्रमाण पेश नगरेको	१५,००,०००

५८ **आवासीय छात्रवृत्ति** (२-2081-06-02):

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी भएको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप २.३.५.७ मा कम्तिमा २० जना विद्यार्थी रहेको विद्यालयलाई छात्र वा आवासीय छात्रवृत्ति उपलव्ध गराउन सकिने व्यवस्था छ। पालिकाले विद्यालय संचालन तथा व्यवस्थापन अनुदान शीर्षकबाट आवासीय छात्रवृत्ति प्राप्त विद्यार्थीहरुलाई आवास सञ्चालन गर्नका लागि नेपाल राष्ट्रिय माध्यामिक विद्यालय किर्तिखम्वालाई रु.२,५०,०००।० भुक्तानी गरेको

छ। किर्तिखम्वा विद्यालयमा दृष्टिविहिन विद्यार्थीहरुको हाजिरी जाँच गर्दा १४ विद्यार्थी संख्या पेश भएकोले कार्यविधिको पालना भएको देखिएन । साथै उक्त निकासा रकमको विल भरपाई पेश नगरेकाले प्रमाण पेश गर्ने रु.

प्रमाण पेश नगरेको	२,५०,०००

५९ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २०८१ मा २७०१ र २०८२ मा २३१६ जना रहेका छन। पालिकाले बोहोरा फार्मेसी एण्ड सर्जिकल सप्लायर्स बाट १४००० थान स्यानिटरी प्याड रु. ९,१०,०००।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६० **जिन्सी दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले खरिद गरेको मालसामानको विवरण तथा मूल्यसमेत खुलाई ७ दिन भित्रमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। गमौडी स्वास्थ्य चौकी निर्माण कार्यको निर्माण व्यवसायी आर.एन.कन्स्ट्रक्सनसँग रु.२१,९७३७०।० मा कार्यसम्पन्न गरेकोमा सम्झौता बमोजिम निर्माण व्यवसायीबाट प्राप्त देहायबमोजिमको सामाग्री जिन्सी दाखिला भएको छैन । जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

आइटम नं.	सामाग्रीको नाम	परिमाण	दर	रकम
२३	अफिस टेवल	३	५०००	१५०००
२४	स्टील आइरन चियर	७	५०००	३५०००
२५	Bed for patient check	१	५०००	५०००
२६	अफिस चेयर	३	५०००	१५०००
२७	स्टील दराज	२	५०००	१००००
२८	स्टील न्याक	१	५०००	५०००
९	प्लास्टिक चेयर	४	२०००	८०००
जम्मा				९३०००
मूल्य अभिवृद्धि करसहित				१०५०९०

प्रमाण पेश नगरेको	१,०५,०९०

६१ **बाख्रा पालन अनुदान** (२३४-2082-02-18):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टि गर्ने विल, भरपाई, प्रमाण तथा कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले कनकसुन्दरी बाख्रापालन समूह दुल्लु-११ लाई ४,८७,५००।० अनुदान दिएको छ । उक्त कार्यक्रम जिल्ला पुश अस्पताल तथा पशुसेवा कार्यालय र नगरपालिकाको संयुक्त साझेदारीमा कार्यालयको रु.५ लाख र नगरपालिकाको रु.५ लाख समेत १० लाखमा सञ्चालन भएको छ । कार्यक्रमको विल भरपाई रु.९,३०,०००।० को रहेकोले पालिकाले सम्झौता बमोजिम खर्च रकमको ५० प्रतिशत अर्थात् रु.४६५०००।० भुक्तानी दिनुपर्नेमा रु. ४,८७,५००।० खर्च लेखेकोले बढी भुक्तानी भएको रु.२२५००।० सम्बन्धित बाख्रापालन समूहबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२२,५००

६२ **लिफ्टिङ सिचाई आयोजना**

६२.१ (५१-2082-03-24):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा निर्माण कार्य मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा उपभोक्ता समितिबाट कार्य गराउनुपर्ने व्यवस्था छ। पालिकाले काफल दुवाला डाँडाखेत खालिखेत हुँदै धाराघर माथि लिफ्टिङ सिचाई आयोजना उपभोक्ता समितिलाई सिचाई पम्प तथा सोलारको सामाग्री खरिद गरी डि.एम.एस. मल्टि प्रपोजज प्रालि, सुर्खेतको रु.९९३९६०।० को विल विजक पेश गरी पालिकाबाट रु.९७५१५०।० भुक्तानी दिएको छ । कानुनमा व्यवस्था नभएको खरिद कार्यको लागि उपभोक्ता समितिलाई भुक्तानी दिएको नियमसम्मत देखिएन । यसमा सुधार हुनुपर्दछ।

६२.२ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) बमोजिम लागत अनुमानको लागि आइटमको दर गणना गर्दा निर्माण कार्यमा प्रयोग हुने सामाग्रीको मूल्य जिल्ला दररेटले निर्धारण गरेबमोजिमको प्रयोग गर्नुपर्दछ। पालिकाले काफल दुवाला डाँडाखेत खालिखेत हुँदै धाराघर माथि लिफ्टिङ सिचाई आयोजना उपभोक्ता समितिलाई ५ एचपि को सम्बर्सिवल वाटरपम्प सुर्खेत जिल्लाको दर अनुसार रू.६८,३५५।० रहेकोमा निर्माण स्थलमा पुग्दा उक्त पम्पको मूल्य रु.७३,३५५।० पुग्ने देखिएको तर लागत अनुमान तयार गर्दा रु.१०५०००।० कायम गरी भुक्तानी दिएको छ । पालिकाले उक्त सिचाई योजनामा लागत अनुमान भन्दा उपभोक्ताको योगदान कटाइ रु.३१६४५।० भुक्तानी गरेको सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनपर्ने रु.

असुल गर्नुपर्ने	३१,६४५

६३ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ तथा नगरपालिकाको आर्थिक विनियोजन ऐन, २०८१ मा संघीय कार्यालय तथा निकायको खर्च गर्न सम्बन्धमा व्यवस्था छैन । पालिकाले देहायको संघीय कार्यालयहरुको लागि यस वर्ष रु.१०१०८९६।० खर्च गरेको छ। उक्त संघीय कार्यालय छुट्टै कार्यालय भएको र वार्षिक वजेट विनियोजन भई सो कार्यालयमा अख्तियारी समेत प्राप्त गरी खर्च गर्ने गरेकोले नगरपालिकाबाट दिएको भुक्तानी नियमसम्मत नदेखिएको रु.

सि.नं.	विवरण	भुक्तानी रकम
१	जिल्ला प्रहरी कार्यालयको क्यान्टीन निर्माण अनुदान	४९६९३४
२	जिल्ला अदालत दैलेखको लागि व्याकअप खरिद	२४८३९९
३	इलाका प्रहरी कार्यालय र प्रहरी चौकी लाई इन्धन तथा मर्मत	२६५५६३
		१०१०८९६

अनियमित भएको	१०,१०,८९६

६४ **दोहोरो सुविधा**

दुल्लु खानेपानी व्यवस्थापन वोर्ड (गठन, सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७९ को दफा ३६ मा बोर्डको कार्यकारी निर्देशको नियुक्ति नगरपालिकाले गर्ने व्यवस्था भएको र कार्यकारी नियुक्ति नहुन्जेलसम्म नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता शाखा प्रमुखलाई कार्यपालिकाले कार्यकारी निर्देशको जिम्मेवारी दिने व्यवस्था छ । वोर्डको कार्यकारी निर्देशकको पदमा नगरपालिकाको खानेपानी तथा सरसफाई शाखा प्रमुख श्री सौगात कार्कीलाई थप जिम्मेवारी प्रदान गरेको छ । कार्यपालिकाको निर्णयले पालिकाको पूँजीगत खर्च शीर्षकबाट थप कामकार्बाही गरेवापत थप मासिक रु.१७५००।० का दरले यस वर्ष रु.३२३७५०।० भुक्तानी दिएको छ। नगरपालिकाको कर्मचारीको रुपमा रहकोमा कार्यपालिकाले निर्णय गरी थप सुविधा दिएको नियमसम्मत नदेखिएको रु.

भौचर नं.	भुक्तानीको विवरण	खर्च शीर्षक	खर्च रकम
३८९-२०८२।३।२५	२०८१।पौष १७ देखि २०८२ असार मसान्त सम्म	दुल्लु खानेपानी व्यवस्थापन बोर्ड संचालन तथा व्यवस्थापन साझेदारी	११३७५०
२९-२०८१।९।२४	२०८० पौष देखि २०८१ पौष १६ सम्म सम्मको	दुल्लु खानेपानी व्यवस्थापन बोर्ड संचालन तथा व्यवस्थापन साझेदारी	२१००००
		जम्मा भुक्तानी	३२३७५०

अनियमित भएको	३,२३,७५०

६५ **संघीय समपुरक योजना**

संघीय सरकार समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४(१) मा समपुरक अनुदानको सम्बन्धी योजना आयोगले प्रस्ताव माग भएपछि स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वियन गर्ने आयोजना वा कार्यक्रम र हाल संचालनमा रहेको आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी योजना आयोगमा समपूरक अनुदानमा कार्यान्वियन गरिने योजना प्रस्ताव गर्न सक्ने व्यवस्था गरेको छ। यस वर्ष पञ्चकोशी बहुप्राविधिक शिक्षालय भौतिक पूर्वाधार निर्माणको लागि संघीय समपुरक अनुदानबाट यस वर्ष रु.१ करोड ५० लाख बजेट विनियोजन भएकोमा पालिकाले उक्त योजना कार्यान्वयनमा ल्याएको छैन । विगत आर्थिक वर्षमा प्रदेश समपुरकबाट शिक्षालयमा निर्माण भएको भवन तर कार्यसम्पन्न नभएकोले यस शीर्षकबाट रु.४०९१४५।० भुक्तानी दिएको छ । प्रस्तावित योजना कार्यान्वियनमा नल्याइ छुट्टै निर्माणाधीन योजनामा खर्च गरेकोले स्थानीय संचित कोषबाट भुक्तानी गरी स्रोत मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,०९,१४५

६६ **निर्माण कार्यको म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माणव्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईसदिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरीसम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र आवश्यकजाँचवुझ गरी मनासिव कारण भए वोलपत्र स्विकृत गर्ने अधिकारीले अवधि थपगर्नसक्ने व्यवस्था छ। पालिकाले सालवसाली रुपमा सम्पन्नगर्नेगरी सम्झौता गरेको ठेक्का नं. १८-०८१।८२ बारतडी शान्तिबजार किर्तिखम्ब साहबाडा गढी सडक स्तरोन्नती कार्यको मिति २०८२।१०।१८ मा निर्माण व्यवसायी अटप विल्डर्ससँग रु.३३,६२३२७।० मा २०८२।३।२० गते कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्ष निर्माण व्यवसायीले रु.१०,९१,९७३।० को कार्य गरी भुक्तानी भएको छ। बाँकी कार्य सम्पन्न तथा योजनाको म्याद थप समेत गरेको देखिन्दैन ।सम्झौताका शर्त एव खरिद कानून वमोजिमयोजना सम्पन्न गर्नुपर्ने देखिन्छ ।

६७ **आयोजनाको अनुगमन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार पदाधिकारीले भुक्तानीको लागि रीत पुगे नपुगेको जाँच गरी खर्च प्रमाणित हुने कागजात संलग्न भएपश्चातम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिका भित्रका योजनाहरुको अनुगमन जाँदा चिया खाजा खर्च भएको उल्लेख गरी इन्जिनियर सौगात कार्कीलाई रु.४९२५०।० सोधभर्ना भुक्तानी दिएको छ। आनुगमन जाँदा खर्च भएको पुष्टी हुने र अनुगमन गएको कागजात पेश भएन। यसरी खर्च पुष्टी गर्ने कागजात पेश नभएको अनियमित देखिएको रु.

प्रमाण पेश नगरेको	४९,२५०

६८ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। **कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ विभिन्न ४११ योजनावाट कुल रु.६७,२०,०२३।० कन्टीजेन्सी बजेट रहेकोमा रु.४१,३८,३५८।० खर्च भएको छ** ।पालिकाले उक्त कन्टिजेन्सीवाट दैनिक भ्रमण भत्ता, मर्मत तथा इन्धनमा वैठक भत्ता तथा प्रोत्साहन भत्ता तथा विविध लगायतमा खर्च गरेको छ।पालिकाले यस्तो खर्च गर्दा कन्टिजेन्सी खर्च सम्वन्धी कार्यविधि तय गरेको समेत देखिएन। कार्यविधि वनाएर मात्र कन्टिजेन्सी खर्च गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

६९ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना तर्जुमा गर्दा आर्थिक विकास, गरिवी निवारण प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलक तथा छिटो प्रतिफल दिने जिवनस्तर, आम्दानी र रोजगार वृद्धि हुने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधनको अधिकतम परिचालन हुने, सबै क्षेत्र तथा समुदायको प्रत्यक्ष लाभ पुग्ने, दिगो विकासमा सघाउ पुर्याउने लगायतका दीर्घकाली प्रकृतिका योजनाहरु तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको योजना तयार गरी भुक्तानी दिएकोले दीर्घकालीन प्रतिफल दिने देखिन्दैन । कानुनमा व्यवस्था भए बमोजिम योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

मिति	भौ.नं	विवरण	रकम
२०८१/०६/२०	४७	दलित लक्षित कार्यक्रम अन्तर्गत नगरपालिका स्तरीय भाडाकुडा खरिदतथा वितरण कार्यक्रमको रकम भुक्तानी	८५२२२२
२०८१/०६/२१	५९	प्रहरी चौकी तल्लोडुङ्गेश्वरको बडादशैको अवसरमा मौलो पुजाका लागिसहयोग	१००००
२०८१/०७/१२	७९	धुलेश्वर मन्दिरको लागि पुजाआजा खर्च भुक्तानि	२५०००
२०८१/०७/२५	९७	नेपाल महर्षी वैदिक फाउण्डेशनको महायज्ञको लागि सहयोग	११११
२०८१/०७/२७	१०४	अभिषेक हमाल महावुप्रिमियर लिग सिजन ३ मा सहभागी खर्च	१५०००
२०८१/०७/२८	१०५	मालिका खेलकुद विकास समिति दु न पा १३ को चौथो वडा अध्यक्ष कपकोरकम भुक्तानी	१४४७००
२०८१/०९/०४	१७४	पादुका मन्दिरको पुजा आजा खर्च भुक्तानि	२५०००
२०८१/११/२०	३३२	दलित लक्षित कार्यक्रम अन्तर्गत पंचेबाजा समुहका लागि पोशाक खरिददु न पा ४	१४६२५०
२०८१/१२/०४	३६९	स्वतन्त्र विद्यार्थि युनियन द्रोणाचल क्याम्पस दुल्लू बलिबलप्रतियोगिता	१९५०००
२०८१/१२/१३	४१८	दह आयआर्जन बहुमुखी सहकारी संस्थालाई कार्यालय व्यवस्थापन	२४८७०
२०८१/१२/३१	४४७	रानीवन तोरिया कृषि सहकारी संस्था व्यवस्थापन दुल्लू न.पा. ११को रकम भूक्तानी ।	४८२९३
२०८२/०१/०३	४७१	विन्धावासिनी मन्दिर पुजा संञ्चालन तथा व्यवस्थापन दुल्लू ५ रकम भुत्तानि	२८७९३५
२०८२/०२/०६	५५५	बरपिपल महिला बचत तथा ऋण सहकारी संस्थ्या लि. फर्निचर खरिद दुल्लू५	४८७८०
२०८२/०३/१८	७८५	नाभिस्थान मन्दिर व्यवस्थापन समिति दुल्लू न.पा. १० पुजाआजा खर्च भुत्तानि	२५०००
२०८२/०३/२०	८२६	कार्यपालिका सदस्यहरूको लागि खरिद गरिएका मोबाइल सेट थान २६ को रकमभुक्तानी	९४०१६
२०८२/०३/२४	९०४	चामुण्डा बिन्द्रासैनी स्पोर्टस दैलेख जिल्ला प्रथम स्तरीयचामुन्डा प्रिमियर	१००००
२०८२/०३/३१	९५१	वडा नम्बर ८ का भलिबल क्याक्टेन चक्र ब सुनार पे.फ.	१००००
२०८१/११/१२	३२५	विन्ध्याबासिनी मन्दिर पुजा सञ्चालन व्यवस्थापन अ पेश्की रकम ।	१०००००
२०८१।७।१३	८०	लोक वार्ता परिषद् नेपालको तेह्रौ सङ्गोष्ठी कार्यक्रमको भुक्तानी	२७३५७०

७० **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क २) अनुसार खरिदलाई बढी सुविधा जनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने गरी तयार गर्दा निर्माण कार्यको लागि अधिकतम प्रतिस्पर्धा हुने हदसम्म अलग रुपमा बोलपत्र आव्हान गर्नुपर्ने व्यवस्था छ। पालिकालेयो वर्ष रु.१० लाख भन्दा साना विभिन्न योजनाहरुमा ५५ निर्माण व्यवसायीबाट कार्य गराई रु.३ करोड २४ लाख ८२ हजार भुक्तानी गरेको छ । उस्तै प्रकृतिको कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट खरिद गर्ने सकिने अवस्थामा सोझै खरिद गरेको केही उदाहरणनिम्नानुसार रहेको छ। एउटै प्रकृतिको कार्यहरु खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ।

सि.नं.	विवरण	आपूर्तिकर्ता तथा निर्माण व्यवसायी	भुक्तानी रकम
१	ठुलोखोला पारिमेला सडक निर्माण	सोनु कन्स्ट्रक्सन	३४७९७७
२	कुडिक बुढागाँउ पाङग हुदै स्यालेपानी सडक निर्माण	सोनु कन्स्ट्रक्सन	२७११६०
३	थापाथली ढुंगेन पैदलमार्ग निर्माण तथा विस्तार योजना	श्रृष्टी निर्माण सेवा	८७११९२
४	कालभैरव स्वास्थ्य चौकी नजिक निर्माणधीन नयाँ भवन नजिक सडक डाइभर्सन तथा ग्याविन कार्य	उमा एण्ड करिना निर्माण सेवा प्रा. लि.	९६७७३३
५	विभिन्न सडक स्तरोन्नति	बि.के.टी. इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि	९५६२१२
६	डिट्ठाधारा रनुखान सडक स्तरोन्नती	पञ्चकोशी अर्डर सप्लायर्स	९९४९१२
७	स्वास्थ्यचौकी तियाडीस्थान हुदै पटाङ्गीन सडक स्तरोन्नती	के सि निर्माण सेवा	९९४८७१
८	वडाकार्यालय लुजे तल्लो डुङ्गेश्वर सडक स्तरोन्नती	न्यू काक्रे निर्माण सेवा	७६७५०५
९	काफलपानी भुवाचौर सडक स्तरोन्नती	के के टी कन्स्ट्रक्सन	९७१७२०
१०	शान्तिबजार पिपलधारी सडक स्तरोन्नती	क्षितिज विल्डर्स	८७४०००
११	ग्याविन रिटेनिङ स्ट्रक्चर निर्माण	साहनी कन्स्ट्रक्सन निर्माण	९६५७८२
१२	वडा नं. ४, ६ र ८ को सडक मर्मत	भैरव कालिका निर्माण सेवा	९२४२६८
१३	वडा न्. १ कार्यालयको तला थप तथा रंग रोगन कार्य	भैरव कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.	९५९१६०
१४	वडा नं. १०, ११ र १२ को सडक मर्मत	पि.के. एण्ड कम्पनी	९२४२६८

७१ **सीमा भन्दा बढीको सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.१० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान एउटै व्यक्ति, फर्म र संस्थाबाट खरिद गर्न नहुने उल्लेख छ । पालिकाले देहायको विभिन्न योजनाहरुको लागि निर्माण सामाग्री खरिद गरी हिमाल ट्रेडर्स एण्ड सप्लायर्सलाई रु.३६,०७,९२४।० भुक्तानी गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम खुला बोलपत्र आव्हान गरी पटक पटक एउटै आपूर्तिकर्ताबाट सीमाभन्दा बढीको खरिद गरेको नियम सम्मत देखिएन । पालिकाले यसमा सुधार गरी खुला बोलपत्र आव्हान गरी प्रतिस्पर्धात्मक माध्यमबाट खरिद गरिनुपर्दछ ।

सि.नं.	विवरण	आपूर्तिकर्ता तथा निर्माण व्यवसायी	भुक्तानी रकम
१	पाँचखम्ब संरक्षण तथा पाँचखम्बदेखि दमाइ टोलसम्म सडक स्तरोन्नती निर्माण सामाग्री खरिद	हिमाल ट्रेडर्स एण्ड सप्लायर्स	४८१९६४
२	वडा नं.११ को कृषकहरुका लागि आवश्यक कृषि पाइप खरिद	हिमाल ट्रेडर्स एण्ड सप्लायर्स	२३५४२२
३	पुजारीका घर देखी कोटडाँडासम्म पक्की सिडि निर्माण सामाग्री खरिद	हिमाल ट्रेडर्स एण्ड सप्लायर्स	५३७३४६
४	विनायक वडा कार्यालय सडक स्तरोन्नतीका लागि निर्माण सामाग्री खरिद	हिमाल ट्रेडर्स एण्ड सप्लायर्स	५३५५५१
५	महाड साझँपानी सडक स्तरोन्नती निर्माण सामाग्री खरिद	हिमाल ट्रेडर्स एण्ड सप्लायर्स	६८३७४६
६	बउराडे पहिरो नियन्त्रण योजनाको लागि निर्माण सामाग्री खरिद	हिमाल ट्रेडर्स एण्ड सप्लायर्स	६५६५८३
६	कृषकहरुका लागि सिँचाइ पाइप खरिद १ देखि १३ वडासम्म शीर्षकबाट पाइप खरिद	हिमाल ट्रेडर्स एण्ड सप्लायर्स	४७७३१२
		जम्मा खरिद	३६०७९२४

७२ **वोर्डलाई निकासा**

दुल्लु खानेपानी व्यवस्थापन वोर्ड (गठन, सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७९ को दफा १२ (ख) वोर्डको आगामी आर्थिक वर्षको लागि खानेपानी सम्बन्धी नीति, कार्यक्रम र बजेट तथा कार्ययोजना तर्जुमा गरी नगरपालिकामा पेश गर्ने, दफा ३१ मा वोर्डको अन्तिम लेखापरीक्षण वोर्डले नियुक्त गरेको इजाजत पत्रप्राप्त लेखापरीक्षकबाट हुने व्यवस्था छ। पालिकाले यस वर्ष दुल्लु खानेपानी व्यवस्थापन वोर्डलाई रु.२९,७४,९१६।० पूँजीगत शीर्षकबाट निकासा दिएको छ। वोर्डले बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरी आम्दानी तथा खर्चको अन्तिम लेखापरीक्षण गरी पालिकामा पेश गरेको छैन। पालिकाले निकासा दिएको रकमको बजेट तथा कार्यक्रममा समावेश नगरेको साथै लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले पालिकाले स्वीकृत वर्षिक कार्यक्रम तथा लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.

भौचर नं.	विवरण	रकम भुक्तान	कैफियत
३२४-०८२।३।२२	स्टेशनरी तथा कार्यालय सामाग्री	६००००	
३०३-०८२।३।२०	नगरपालिका भित्र सञ्चालनमा रहेका सोलार लिफ्ट खानेपानी आयोजनाहरु मर्मत तथा सोलार प्यानल खरिद	९९४३४०	सोलार प्यानल जडान ७ गोटा र मर्मत (कुन प्रोजेटमा भएको हो नखुलेको)
१७-०८१।८।२७	खानेपानी योजना मर्मत	१००८६६	
१४-२०८१/०७/१४	मोटर मर्मत लगायतको कार्यको	४५७५९१	
२०२-२०८१।९।२५	पानी महशुलको रकम भुक्तानी	३००००	
७५६-०८२।३।१३	पानी महशुलको रकम भुक्तानी	३००००	
७७७-०८२।३।१६	पानी महशुलको रकम भुक्तानी	३००००	
८१५-२०८२।३।२०	पानी तथा बिजुली बिल भुक्तानी गरिएको	१२०००	
३५२- २०८२।३।२४	कार्यालय शौचालय र खानेपानी योजना मर्मत कार्यको रकम भुक्तानी	६८३९९१	
३७०- ०८२।३।२५	बडिमुल ठुलधारा पाइपलाइन विस्तारको रकम भुक्तानी	५७६१२८	
	जम्मा भुक्तानी	**२९७४९१६**	

प्रमाण पेश नगरेको	२९,७४,९१६

७३ **पाइप खरिद** (२८२-2082-03-12):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टि गर्ने विल, भरपाई, प्रमाण तथा कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको पाइप खरिद गरी रु.१४८२५६।० भुक्तानी गरेकोमा खरिद गरिएको पाईप वडा नं. ६ कार्यालयमा हस्तान्तर गरी खर्च गरेको छ । तर वडा कार्यालयले किसानलाई वितरण गरेको भरपाई पेश नभएकोले पेश हुनुपर्ने रु.

सि.नं.	विवरण	परिमाण
१	एचडिपिइ पाइप ४० एम एम	५०० मिटर
२	एचडिपिइ पाईप २५ एम एम	७०० मिटर
३	एचडिपिइ पाइप २० एम एम	१००० मिटर

प्रमाण पेश नगरेको	१,४८,२५६

७४ **आयोजना विस्तृत प्रतिवेदन(डिपिआर)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाकोमात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढीदक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरीप्रतिस्पर्धात्मक माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायअनुसारका परामर्श सेवा खरिद गरी रु.२० लाख ५ हजार खर्च लेखेको छ।उपलव्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमलेपरामर्श सेवा खरिद गर्नुपर्नेमा लगत अनुमानकै हाराहारीमा भुक्तानी दिनेसम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका योजनाहरुकार्यान्वयन गर्नुपर्दछ ।

योजनाको नाम	परामर्श दाता	लागत अनुमान	भुक्तानी	आयोजनाको लागत अनुमान
कालभैरव स्वास्थ्य चौकी भवन	कर्णाली कन्सल्टेन्सी एण्ड ट्रेनिङ सेन्टर,	४९९५०७	४९२३१५	३९८७८०२३
शहिद स्मृति प्रतिष्ठान सामुदायिक भवन	रिपुटेड इन्जिनियरीङ कन्सल्टेण्ड प्रा.लि.	४९३७८३	४८८०५९	२३३२०९९०
दुल्लुका मध्यकालीन पाषण शिल्पकला सम्बन्धी वृत्त चित्र निर्माण	तरुण मिडिया		२४४१००	
नगरपालिकाको विकास निर्माण लगायत गतविधिहरुको बारेमा जनताको प्रशन जनप्रतिनिधिको उत्तरसम्बन्धी कार्यक्रम उत्पादन तथा राष्ट्रियस्तरको टेलिभिजनमा प्रसारण	टाइम्स ब्रोडकास्टिङ नेटवर्क प्रा.लि.	३०००००	३०००००	भौचर नं.७०- २०८१।११। २० लागत अनुमान तयार नभएको
नाविस्थान मन्दिर धर्मशाला निर्माण कार्य को DPR	एन.एस. कर्णाली इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन	४९९५०७	४८०२२०	
	जम्मा		**२००४६९४**	

७५ **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नपाइने उल्लेख छ। नगरपालिकाको विनियोजन ऐन, २०८१ अनुसार मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा रु.६४ लाख विनियोजन गरी रु. ६३,०१,३२६।० खर्च गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम पालिकाले प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरेको छैन। प्रतिस्पर्धा सीमित नहुने खरिद विधि छनौट गरी खरिद गर्नुपर्दछ। उक्त शीर्षकबाट खरिद गरिएको केही उदाहरण देहाय बमोजिम छः

गो.भौ.नं.	मिति	विवरण		भुक्तानी
१८२	०९/०५/२०८१	विद्युतीय सम्बन्धित सामाग्री खरिद	न्यूसाझा कम्प्यूटर ट्रेड	८३४९५७
१९९	०९/२४/२०८१	मसलन्द तथा स्टेशनरी सामाग्रीहरु खरिद	चन्द्रमाला इन्टरप्राइजेज एण्ड जनरल अर्डर सप्लायर्स	९६२९८४
२४७	१०/११/२०८१	नगरपालिका र विभिन्न शाखाको लागि आवश्यक कार्पेट र पर्दा खरिद	बारही ट्रेडर्स एण्ड अर्डर्स	३५१९९५
५२५	०१/३१/२०८२	नगरपालिकाको लागि आवश्यक खादा खरिद	देउती हातेहोजियारी एण्ड ट्रेडिङ सेन्टर प्रा लि	१६९५००
६२६	२०८२/०२/३१	विद्युतिय सामग्रीखरिद	न्यु साझा इलेक्ट्रोनिक्सन अर्डर एण्ड सप्लायर्स	५५९०११
६२८	२०८२/०२/३१	स्टेशनरी तथा मसलन्दखरिद	के एस स्टेशनरी एण्ड सप्लायर्स	६७५४६८
८३६	०३/२१/२०८२	कर्मचारीहरुका लागि छाता रझोला खरिद	शुभलक्ष्मी अर्डर सप्लायर्स	४०००००

७६ स्थानीय पूर्वाधार विकास सहयोग कार्यक्रम

७६.१ नेपाल सरकार र वेलायत सरकारको सहकार्य तथा स्थानीय तहको साझेदारीमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम यस नगरपालिकामा आर्थिक वर्ष २०८०।८१ देखि सञ्चालनमा रहेको छ । यस वर्ष साझेदार निकायको रु.२ करोड ४ लाख २६ हजार अर्थात ७०.८० प्रतिशत र पालिकाको रु.८४ लाख २५ हजार अर्थात २९.२० प्रतिशत समेत जम्मा रु.२ करोड ८८ लाख ५१ हजार कार्यक्रम सञ्चालनमा खर्च भएको छ ।

सि.नं.	योजना तथा कामको विवरण	नगरपालिकाको खर्च	साझेदार निकायको खर्च	जम्मा खर्च	पालिकाको सहलगानी प्रतिशत
१	निर्माण सामाग्री खरिद	१५७५५०४	२६४४९५७	४२२०४६१	३७.३३
२	ठेक्का नं.२१ वडा नं.५, ६, ७ र १० का सडक स्तरोन्नती	१९३४७२३	३७०८८७७	५६४३६००	३४.२८
३	ठेक्का नं. २० वडा नं. २, ३ र ४ का सडक स्तरोन्नती	१४९४६६३	३४६३३०८	४९५७९७१	३०.१५
४	डिट्ठाधारा रनुखाना सडक स्तरोन्नती वडा नं. ५	०	९९४९१२	९९४९१२	०.००
५	तीनधारा भातिगाडे दुवारीचाखा सडक स्तरोन्नती	३९८७५९	५९७१४२	९९५९०१	४०.०४
६	बसपानी ढुवारीचाखा ढाँकसडक स्तरोन्नती	०	९९७६८७	९९७६८७	०.००
७	गाईखुरे सिरिया लुजै सिचाई कुलो निर्माण	१४९०९८	१८९७५६	३३८८५४	४४.००
८	बजाड देउतीचौर सडक स्तरोन्नती	५३२९००	१००६६४७	१५३९५४७	३४.६१
९	काफल पानी भुवाचौर सडक स्तरोन्नती	०	९७१७२०	९७१७२०	०.००
१०	जिउरे टिमुर काठिखेत सिचाइ निर्माण	५०९६७४	७६३०७४	१२७२७४८	४०.०५
११	भुकाहा भैरवस्थान सडक स्तरोन्नती	५३९१७९	९५२५७१	१४९१७५०	३६.१४
१२	भजनिया पोखरी पिपलघारी सडक स्तरोन्नती	६९४५००	९४०५६२	१६३५०६२	४२.४८
१३	वडा कार्यालय कालिका मन्दिर सडक स्तरोन्नती	५४३२६८	९००२९९	१४४३५६७	३७.६३
१४	स्वास्थ्य चौकी तियाडीस्थान हुँदै पटाङ्गिनी सडक स्तरोन्नती	०	९९४८७१	९९४८७१	०.००
१५	वडा कार्यालय लुजै तल्लो डुङ्गेश्वर सडक स्तरोन्नती	०	७६७५०५	७६७५०५	०.००
१६	कन्टिन्जेन्सी खर्च	५३०००	५३१९२५	५८४९२५	९.०६
	जम्मा	**८४२५२६८**	**२०४२५८१३**	**२८८५१०८१**	२९.२०

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा ११(४) मा स्थानीय तहले कार्यक्रम दस्तावेजको व्यवस्था बमोजिम पुल सम्बन्धी आयोजनामा कम्तिमा ४० प्रतिशत, ग्रामिण सडक पुर्नस्थापनासम्बन्धी आयोजनामा कम्तिमा २० प्रतिशत, श्रममूलक सडक ममर्तसंभारसम्बन्धी आयोजनामा कम्तिमा ३४ प्रतिशत, साना सिचाई, खानेपानी तथा सरसफाई तथा भवन मर्मत सम्बन्धी आयोजनामा कम्तिमा ४० प्रतिशत, विपद् जोखिम न्यूनीकरण, जलवायू उत्थानशिल र वैकल्पिक उर्जासम्बन्धी आयोजनामा कम्तिमा २० प्रतिशत र सिचाई उत्थानशिल वृद्धि सम्बन्धी आयोजनामा कम्तिमा ४० प्रतिशत स्थानीय तहको सहलगानी सुनिश्चित हुनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्ने उल्लेख छ । पालिकाले सहलगानीमा सञ्चालन गरेको आयोजनाको कुल खर्च रकममध्ये साना सिचाइ आयोजनामा २६,६६,७७२।० अर्थात ९.२३ प्रतिशत र ग्रामिण सडक पुर्नस्थापना तथा स्तरोन्नतीमा रु.२,६१,८४,३०९।० अर्थात ९०.७७ प्रतिशतखर्च हुँदा पालिकाको २९.२० प्रतिशत अर्थात रु.८४,२५,२६८।० सहलगानी रहेको छ। पालिकाले कार्यक्रमको दस्तावेज तयार गर्दा विपद् जोखिन न्यूनीकरण, जलवायु उत्थानशिल र वैकल्पिक उर्जा, श्रममूलक सडक मर्मतसम्भार जस्ता क्षेत्रहरुमा आयोजना सञ्चालन गर्नुपर्दछ।

७६.२ **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय पूर्वाधार विकास सहयोग कार्यक्रमसँगको सहलगानीमा सञ्चालन भएको ठेक्का नं. २१ को वडा नं. ५, ६, ७ र १० को सडक स्तरोन्नती कार्यमा निर्माण व्यवसायी

आर.आर.एस.एस. कन्स्ट्रक्सनसँग रु.५८,९५,४३८।० मा सम्झौता भई रु.५४,४२,११८।० को निर्माण कार्य र पेश भएको पिएस आइटमको विल रु.४८०००।० समेत गरी जम्मा रु.५४,९०,११८।० भुक्तानी दिनुपर्नेमा पालिकाले निर्माण व्यवसायीलाई रु.५६,४३,६००।० भुक्तानी दिएको छ । निर्माण व्यवसायीले गरेको कार्य भन्दा बढी रु. १,५३,४८२।० असुल उपर गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,५३,४८२

७७ **कन्टिन्जेन्सी रकम बढी कट्टा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची- १ मा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च वापत २ प्रतिशत गरी जम्मा कन्टिन्जेन्सी खर्च वापत ४ प्रतिशत खर्च गर्न सक्ने व्यवस्था छ। पालिकाले नाविस्थान मन्दिर धर्मशाला निर्माणमा भवन तथा संरचना निर्माण कार्य गरी यस वर्ष रु.७२,३४,२७८।० खर्च गर्दा रु.५,४१,८८१।० कन्टिन्जेन्सी खर्च गरेको छ। निर्माण कार्य वापत रु. ६६,९२,३९७।० रकम भुक्तानी हुँदा ४ प्रतिशत हुन आउने रु. २,६७,६९५।० मात्र खर्च गर्न मिल्नेमा रु.५,४१,८८१।० खर्च गरेको पाइयो। कानुनमा व्यवस्था गरेभन्दा बढी रु.२,७४,१८६।० खर्च गरेको रकम संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु.

क्र.सं.	विवरण	भुक्तानी
१	धर्मशाला निर्माण	४८०७७९९
२	पर्खाल लगाउने कार्य	९६५७९४
३	ग्याविन जाली सहितको तटबन्धन कार्य	९१८८०४
	योजनाको भुक्तानी जम्मा रु.	६६९२३९७
	जम्मा बजेट खर्च	७२३४२७८
	कन्टिन्जेन्सी खर्च	५४१८८१

प्रमाण पेश नगरेको	२,७४,१८६

७८ **अस्पताल भवन निर्माण**

७८.१ भेरिएन नभएको - सार्वजनिक खरिद ऐन, २०६३ को दफा५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन सम्वन्धीव्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मासार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ विलको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। अस्पताल भवन निर्माण कार्यको लागि निर्माण व्यवसायीसँग आईटम रेट सम्झौता गरेकोले खरिद सम्झौताको वि.ओ.क्यू.मा उल्लेख भएको कामको परिमाणभन्दा बढी परिमाणको कार्य भएमा भेरिएसन आदेश दिई उक्त बढी भएको परिमाणको भुक्तानीलाई रोक्का गरीराख्नु पर्नेमा भेरिएसन स्वीकृत नभएको अवस्थामा भुक्तानी दिएको नियमसम्मत देखिएन। पालिकाले प्राविधिक पुष्ट्याइ तथा भेरिएसन वेगर खरिद सम्झौताको वि.ओ.क्यू.मा उल्लेख भएको कामको परिमाण भन्दा बढी भुक्तानी दिएकोले अनियमित देखिएको रु.

आईटम नं.	कामको विवरण	वि.ओ.क्यूको परिमाण	भुक्तानी भएको परिमाण	बढी परिमाण	दर	रकम
६	stone soling	५६.९२	८८.२४	३१.३२	१८००	५६३७६
७	Earth filling in floor	२२०.९६	५३४.७२	३१३.७६	५०	१५६८८
८	Concreting works (PCC 1:2:4)	४६.५६	६१.११	१४.५५	७२००	१०४७६०
२३	Two coats of wheather coat paint with one coat of primer in outside walls	२९८.१४	९२९.९२	६३१.७०	५००	३१५८९०
					जम्मा	४९२७१४

अनियमित भएको	४,९२,७१४

७८.२ कोष कट्टी रकम- सशर्त अनुदानबाट प्राप्त रकम कन्टिन्जेन्सी बाहेक अन्य कट्टी गर्ने पाउने व्यवस्था छैन। पालिकाले प्रकोप व्यवस्थापन कोषमा १ प्रतिशत र मर्मत संभार कोषमा २ प्रतिशत रकम कट्टा गर्ने व्यवस्था छ। यस योजनाबाट पालिकाले मर्मत संभार कोषमा रु.३३५०४५।० र प्रकोप व्यवस्थापन कोषमा रु.९६७५२२।० कट्टा गरेको पाइएकोले सशर्त अनुदानबाट प्राप्त रकम संचित कोष फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,०२,५६७

७९ **कार्यस्वीकार प्रतिवेदन जारी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माणको हकमा कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सञ्चालनमा आएको अवस्था भएमा सम्बन्धित् निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायको ठेक्का व्यवस्थापन गरेको योजनाहरुमा योजनाको उद्देश्य अनुसार सञ्चालनमा ल्याउन सक्ने अवस्था नहुँदै पालिकाले कार्य स्वीकार प्रतिवेदन जारी गरी गरेको खर्च नियमसम्मत देखिएन। निर्माण कार्य सम्पन्न नहुँदै कार्य स्वीकार गर्ने प्राविधिक तथा पदाधिकारीलाई जिम्मेवार बनाई पालिकाले बाँकी कार्य सम्पन्न गरी योजना सञ्चालनमा ल्याउनु पर्दछ।

नं.	योजनाको नाम	निर्माण व्यवसायी	संझौता रकम	भुक्तानी रकम	वित्तीय प्रगति	कैफियत
१	नाविस्थान मन्दिरमा धर्मशाला निर्माण	जि.आर.एन. कन्स्ट्रक्सन	५४६९३२५	४८०७७९९	८७.९०	Paint, toilet floor tile, hill tank 2000 ltrs, urinal set, hand wash basin, wall mirror, steel safety railing in stair, rolling chainaldoor लगायतका कार्यहरु बाँकी
२	अस्पताल भवन निर्माण	आदर्श एण्ड कम्पनी	११३१०३९०	१०१२६९४१	८९.५०	विद्युतीय कार्य, ट्याइलेट, खानेपानीको ट्याङ्क, ट्वाइलेट एरियमा टाइल लगायतका कार्यहरु बाँकी
३	कालभैरव स्वास्थ्य चौकी भवन निर्माण	भैरवी कालिका निर्माण सेवा	९६८२१४०	७८२६०८०	८०.८३	विद्युतीय डिभाइस जडान तथा कार्य, खानेपानी व्यवस्थापन, मार्वल विछ्याउने कार्य, cornice work,ralling work,ढोका तथा झ्याल लगायतका कार्य बाँकी
		जम्मा	२६४६१८५५	२२७६०८२०		

पालिकाले उल्लेखित ३ योजनाको सम्झौता रु.२६४६१८५५ भएकोमा रु.२२७६०८२० भुक्तानी भएको पाइयो पालिकाले सम्झौता बमोजिम रु.३७०१०३५।० वराबरको काम सम्पन्न गरेको छैन। सो काम गर्न आगामी दिनमा लाग्ने रकम र अवधिको स्रोतको व्यवस्थापन नहुँदा संरचना संचालनमा आएको छैन । सम्झौता बमोजिमको काममा हालको लागत र समंझौता बमोजिमको लागत थप हुने यकिन गरी कार्य सम्पन्न गर्नेलाई जिम्मेवार बनाई नियमित गर्नुपर्दछ।

अनियमित भएको	३७,०१,०३५

८० **तोकिएको कार्य भन्दा थप कार्य**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०६४ को नियम ४५ अनुसार शसर्त अनुदानको लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम आर्थिकवर्षको अन्त्यसम्म खर्च नभएमा फिर्ता पठाउनुपर्ने व्यवस्था छ ।संघीय सरकार सशर्त अनुदानबाट संचालन भएको योजानामा उपलब्ध रकम तोकिएको यजनामा मात्र खर्च गर्नुपर्दछ ।पालिकाले देहायको योजनाहरुमा प्राप्त रकम ठेक्का व्यवस्थापन पश्चात योजनामा बचत रकमबाटरु.४६,८६,३३५।० कोटेशन माग गरी सोझै खरिदको माध्यमाबाट तोकिएको योजनामा प्राप्त भएको कार्य भन्दा फरक कार्य गरी खर्च गरेको छ।

सि.नं.	रकम प्राप्त भएको योजनाको नाम	थप कार्यको विवरण	भुक्तानी रकम
१	नाविस्थान मन्दिर धर्मशाला निर्माण	नाविस्थान मन्दिर पछाडी पर्खाल लगाउने कार्य	९६५७५४
		ग्याविन जाली सहितको तटबन्धन कार्य	९१८८०४
२	अस्पताल भवन निर्माण	अन्य भवनको मर्मत तथा भुइमा मर्वल विछ्याउने कार्य	९४३६५४
३	धुलेश्वर मन्दिरको धर्मशाला निर्माण	खानेपानी मर्मत तथा व्यवस्थापन कार्य	९००२२५
४	श्रीस्थान मन्दिर परिसरमा धर्माशाला निर्माण	मन्दिर परिसरमा रहेको दुल्लू - १० र भैरवी - १ जोड्ने मितेरी पुल पुनः निर्माण गरी	९५७८९८
		जम्मा	४६८६३३५

नाविस्थान मन्दिर धर्मशाला निर्माण कार्यको लागि मिति २०८१।९।१८ मा सम्झौता भएकोमा सम्झौता पछिको वचत रकम पुनः ठेक्का व्यवस्थापन गर्ने समय हुँदा हुँदै मन्दिर पछाडी पर्खाल लगाउने कार्यमा रु.९६५७५४।० र ग्याविन जाली सहितको तटबन्धन कार्यमा रु.९१८८०४।० समेत रु.१८८४५५८।० को कार्य गराई भुक्तानी दिएको छ। ठेक्का प्रकृयाबाट गर्नुपर्ने कार्य सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१८,८४,५५८

८१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधा प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका २०७५ वमोजिम स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत **१३** वडामा **१३** योजना सञ्चालन गरी यस वर्ष **११०** जनालाई औसत **७६।९२** दिनले **८३६०** दिन रोजगारी उपलव्ध गराई रु.**५५,८४,४८०।००** श्रमिक ज्याला खर्च गरेको छ । लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

८२ **मुख्य मन्त्री रोजगार कार्यक्रम**

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम कर्णाली प्रदेश बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जन कृयाकलाप संचालन गर्न सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्‍याउने उद्देश्यले स्थानीयतह भित्र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत **१३** वडामा **१२** योजना सञ्चालन गरी यस वर्ष **२७५** जनालाई औसत **४९।३२** दिनले **१३५६५** दिन रोजगारी उपलव्ध गराई रु **९०,५६,०९६।००** श्रमिक ज्याला खर्च र सामान खरिदमा रु**२,६८,३९९।००** गरी रु**२,६८,३९९।००** खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी

योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सुनिश्चित गर्नुपर्दछ।

८३ बालिका विशेष कार्यक्रम

पालिकाले बालिका विषेश कार्यक्र अन्तर्गत युनिसेफ-नेपालको रु.७ लाख ८० हजार र नगरपालिकाको रु.७ लाख ८० हजार समेतको साझेदारीमा जम्मा रु.१५ लाख ६० हजार रकमबाट पालिका भित्रका जोखिममा परेको परेको ५ वर्ष देखि १८ वर्ष नपुगेका ५२ वालिकाहरुलाई प्रति वालिका रु.३० हजारका दर प्रत्येक वालिकाको खातामा रकम जम्मा गरेको छ। उक्त रकम बालिकाहरुले २० वर्ष उमेर पुरा भएपश्चातमात्र प्रयोग तथा संचलानमा ल्याउने सक्ने देखिएको छ।

८४ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष पालिकाले रु.२१,९६,३७,९४०।० लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरणको गरेको छ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : दुल्लु नगरपालिका, दैलेख , दुल्लु नगरपालिका , दैलेख

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	तिलक वि.क.	२०८१-१-९	२०८२-०७-२५
लेखा प्रमुख	विनोद बहादुर थापा	२०७७-४-१	२०८१-११-१८
लेखा प्रमुख	Khagendra Prasad Acharya	२०८१-११-१९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,६२३,८१९.३३	१४,१६०,५१०	९,४६१,१९८	०	०	२,०७४,०२६
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२७,३१९,५५३.३३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२७,३१९,५५३.३३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५४७९५७७४.२४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	७८०३२६८६६	चालु खर्च	४६७६९१५५०.९४
प्रदेश सरकारबाट अनुदान	७९८१५२०३	पूँजीगत खर्च	२४६१८६४०६.२
राजश्व बाँडफाँट	११८०२८७००	वित्तीय/अन्य व्यवस्था	३०५४२६३०३.०७
आन्तरिक आय	११६८०८२९.७१		
अन्य आय	२९०५६४६५.२२		
कुल आय	१०१८९०८०६३.९३	कुल खर्च	१०१९३०४२६०.२१
बाँकी मौज्दात		५४३९९५७७.९६	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

पालिकाको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा.नं .२७०- ०१) देहाय बमोजिम रहेको छ:

दुल्लु नगरपालिका								
नगर कार्यपालिकाको कार्यालय, दैलेख								
आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) म.ले.प.फा.नं. २७०-०१								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणीनं	चालुआ.ब.को कारोबार			गतआ.ब. को कारोबार		
			नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१२०७६१९६५.४२	०	१२०७६१९६५.४२	११०६२८७३९.७३	०	११०६२८७३९.७३
१३०००	अनुदान		५६१६९९१४७.८९	०	५६१६९९१४७.८९	५२१३४८०३२.३९	०	५२१३४८०३२.३९
१४०००	अन्यराजस्व		८३६७४६८.४९	०	८३६७४६८.४९	४६६९१००४.९९	०	४६६९१००४.९९
१५०००	विविधप्राप्ति		९८०७७५.८	०	९८०७७५.८	०	०	०
क	**कुलजम्मा प्राप्ति**		६९१८०९३५७.६		६९१८०९३५७.६	६७८६६७७७७.११		६७८६६७७७७.११
३	चालु		४६७६९१५५०.९४	०	४६७६९१५५०.९४	४६०५०४८४५.७७	०	४६०५०४८४५.७७
२१०००	पारिश्रमिक / सुविधा		३०७१३०५६०.२३	०	३०७१३०५६०.२३	३०९९७४५५०.१५	०	३०९९७४५५०.१५
२२०००	मालसामानतथा सेवाको उपयोग		९६६९०८६५.७१	०	९६६९०८६५.७१	८८३९५७५६.८७	०	८८३९५७५६.८७
२५०००	सहायता (Subsidy)		५०६२७७७६	०	५०६२७७७६	५०२३२८००.७५	०	५०२३२८००.७५
२६०००	अनुदान		०	०	०	९७७०००	०	९७७०००
२७०००	सामाजिकसुरक्षा		१२४०७९४९	०	१२४०७९४९	१०१३८२५८	०	१०१३८२५८
२८०००	अन्यखर्च		८३४४००	०	८३४४००	७८६४८०	०	७८६४८०
४	पूंजीगत		२२५७६०५७२.१६	०	२२५७६०५७२.१६	२३३९१४९६६.९२	०	२३३९१४९६६.९२
३१११०	भवनतथा संरचना		९५१२८०३९	०	९५१२८०३९	६३६६३१६१.१	०	६३६६३१६१.१
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३५४६१२२	०	३५४६१२२	१२४६८७१८	०	१२४६८७१८
३११३०	अन्यपूँजीगत खर्च		२०५०६३०	०	२०५०६३०	२५४९०२६	०	२५४९०२६
३११५०	सार्वजनिकनिर्माण		१२४८३५७८१.१६	०	१२४८३५७८१.१६	१५५१६०३६८.८२	०	१५५१६०३६८.८२

३११६०	निर्मितसरचनाकोसुधार खर्च		२०००००	०	२०००००	०	०	०
३१४१०	जग्गाप्राप्तिखर्च		०	०	०	७३,६९३.००	०	७३,६९३.००
ख)	**कुलजम्मा भुक्तानी**		६९३४५२१२३.१		६९३४५२१२३.१	६९४४१९८१२.६९		६९४४१९८१२.६९
ग)	**बचत /कमी (ग = क-ख)**		-१६४२७६५.५		-१६४२७६५.५	-१५७५२०३५.५८		-१५७५२०३५.५८
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**		१२४१७८६.२२		१२४१७८६.२२	-३९१६७४५.२४		-३९१६७४५.२४
घ.१)	**कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी**		-१४६		-१४६			
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		-४००९७९.२८		-४००९७९.२८	-१९६६८७८०.८२		-१९६६८७८०.८२
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**		५४८००४११.२४		५४८००४११.२४	७४४६९१९२.०६		७४४६९१९२.०६
छ)	**विनिमयनाफा/घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		५४३९९४३१.९६		५४३९९४३१.९६	५४८००४११.२४		५४८००४११.२४

बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -४

ठेक्का विवरण

ठेक्का नम्बर	योजनाको नाम	ठेकेदारको नाम र सम्पर्क नम्बर	योजना सम्झोता मिति	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	Supply & Delivery of Medicine Items At Dullu Municipality	विशाल साइन्स एण्ड सर्जिकल वीरेन्द्रनगर १ सुर्खेत	२०८१।०८।१८	३५२२०००.२१	१२८७१२०.	63.45
२	Supply &Delivery of civil Construction Materials	यमुना सप्लायर्स दुल्लू नगरपालिका ७ दैलेख डिलु खड्का	२०८२।०१।०८	५१५८९२९.६४	४१०४९१४.६	20.43
७	भानेश्वर मा.वि.भवन निर्माण	आर.एन. कन्ट्रक्शन नारायण नगरपालिका ६ दैलेख नारायण प्रसाद शर्मा ९८६८९१२४०२	२०८१।०८।०४	३८८०६२०.६४	२५८२४५५.३	33.45
८	द्रोणाचल बहुमुखी क्याम्पस भवन निर्माण योजना	प्राप्ति कन्ट्रक्शन दुल्लू नगरपालिका ७ दैलेख मदन थापा ९८६९६५६६०	२०८१।०९।०२	४३२३८९८.४४	२७२८३१४.७८	36.90
९	दुल्लू अस्पताल पुर्वाधार निर्माण	द्रोणाचल कन्स्ट्रक्शन प्रा.लि. दुल्लू नगरपालिका ७ दैलेख सुर्य बहादुर थापा ९८४८०४५५४६	२०८१।०८।१८	१६८७७२१९.०२	१०३५१५९३.०१	38.67
१०	धुलेश्वर मन्दिरमा धर्मशाला निर्माण	आर.आर.एस.एस.कन्स्ट्रक्शन दुल्लू नगरपालिका ९ दैलेख सुरेन्द्र कुमार पुरी ९८६८०७३४४४	२०८१।०८।१८	२२३८३०६.३५	१३०७५९१.३४	41.58
११	दुल्लू अस्पताल भवन निर्माण योजना	अभिनाश एण्ड कम्पनी प्रा.लि. दुल्लू नगरपालिका ७ दैलेख दिनेश कुमार हमाल ९७६२८३०५३१	२०८१।०८।१८	१६७४९२६७.४५	१०००९१९५.०५	40.24
१२	स्वास्थ्य चौकी भवन निर्माण योजना	भैरवी कालिका निर्माण सेवा भैरवी गा.पा दैलेख रमेश बहादुर भण्डारी ९८४८१५३५०५	२०८१।०९।०३	१३०६२५१०.५२	८४७०९२१.८	35.15
१३	सहिद स्मृति प्रतिष्ठान बहुउदेश्वीय सामुदायिक भवन निर्माण	छाँया गुप हफ कन्स्ट्रक्शन दुल्लू नगरपालिका ८ दैलेख प्रभात कुमार आचार्य ९७०६२२८००१	२०८१।०९।१४	८५२१४७२.८	५२३९७५८.३८	38.51
१४	नाभिस्थान मन्दिर धर्मशाला निर्माण	जि.आर.एन. कन्ट्रक्शन नारायण नगरपालिका ६ दैलेख गणेश प्रसाद शर्मा ९८५८०५१२२५	२०८१।०९।२१	७६६३२२९.८१	४७२५०६७.	38.34
१५	शगमौडी स्वास्थ्य चौकी भवन निर्माण	आर.एन. कन्ट्रक्शन नारायण नगरपालिका ६ दैलेख नारायण प्रसाद शर्मा ९८६८९१२४०२	२०८१।०९।२३	३१८२८५६.९२	१९१८०२७.	39.74
१६	श्रीस्थान मन्दिर परिसरमा धर्मशाला निर्माण	अटप विल्डर्स वीरेन्द्रनगर ३ सुर्खेत दिपक गुप्ता ९८५८०६३४८६	२०८१।०९।२४	२२६७४३०.८१	१५४२३१७.	31.98
१७	नाभिस्थान परिसरमा शिव मन्दिर निर्माण	पि.के.एण्ड कम्पनी प्रा.लि.दुल्लू नगरपालिका ८ दैलेख प्रकाश कुमार थापा ९८६८१६६२५०	२०८१।०९।२३	२२७३६२५.१२	१५१४२२९.	33.40
१८	बारतडी-शान्तीबजार-किर्तिखम्ब-साहुबाडा-गढी सडक स्तरउन्नती	अटप विल्डर्स वीरेन्द्रनगर ३ सुर्खेत दिपक गुप्ता ९८५८०६३४८६	२०८१।१०।१८	५६६३५०६.४९	२९४८९६२.९	47.93
१९	नेरामावि बहुउद्येशिय भवन निर्माण	आशिष कौशिक जे भि जय बहादुर वि.क. मंगलसैन ५, अछाम	२०८१।१२।०४	४४१४१०५३.१६	३७११७००५.	15.91
२०	सडक स्तरोनन्ती	आर.आर.एस.एस.कन्स्ट्रक्शन दुल्लू नगरपालिका ९ दैलेख सुरेन्द्र कुमार पुरी ९८६८०७३४४४	२०८२।०१।०७	६६८८१९५.५६	४५५९९६७.	31.82
२१	सडक स्तरोनन्ती	आर.आर.एस.एस.कन्स्ट्रक्शन दुल्लू नगरपालिका ९ दैलेख सुरेन्द्र कुमार पुरी ९८६८०७३४४४	२०८२।०१।०७	८४७२००७.५६	५१४८१७५.	39.23

२२	देउति बजै मन्दिर पुन निर्माण	छाँया गुप हफ कन्स्ट्रक्शन दुल्लू नगरपालिका ८ दैलेख प्रभात कुमार आचार्य ९७०६२२८००१	२०८१।१२।२२	१९९८५२५.११	१७३०३२४.७७	13.42
		जम्मा		१५६६८४६५५.६१	१०७२८५९३८.९३	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्योंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।